# उद्यमशीलता विकासका लागि कर्णाली सम्मेलन, २०७६
# प्रतिवेदन




प्रदेश सरकार
## सामाजिक विकास मन्त्रालय
कर्णाली प्रदेश
वीरेन्द्रनगर, सुर्खेत नेपाल




प्रदेश सरकार

**सामाजिक विकास मन्त्रालय**

कर्णाली प्रदेश

वीरेन्द्रनगर, सुर्खेत नेपाल

# उद्यमशीलता विकासका लागि कर्णाली सम्मेलन, २०७६
# प्रतिवेदन

## १. पृष्ठभूमि

नेपालको संविधानले हाम्रो शासन प्रणाली तीन तहमा हुने व्यवस्था गरे अनुसार यस प्रदेशमा प्रदेश सरकार गठन भई कार्य प्रारम्भ भएको पनि करिब दुई वर्ष भइसकेको छ । सरकार गठन भए प्रश्चात पहिलो आ.व.मा तीन महिनाको लागि बजेट तथा कार्यक्रम स्वीकृत भई कार्यान्वयन भएको र चालु आ.व.को बजेट तथा कार्यक्रम कार्यान्वयन भइरहेको अवस्था रहेको छ । हालसम्म दुईवटा बजेट तथा कार्यक्रम तर्जुमा भइसके पनि बजेट तर्जुमामा स्थानीय तहको आवश्यकता तथा सहभागिता सुनिश्चतता हुन सकेको छैन । त्यसले गर्दा बजेट निर्माण, यसको कार्यान्वयन र प्रदेश तथा स्थानीय प्राथमिकताको तालमेलमा सामान्जस्यता हुन सकेको छैन । बार्षिक बजेट तथा कार्यक्रम कार्यान्वयनका लागि चाहिने कानून, अन्य पूर्वाधार तथा आवश्यक संरचना र जनशक्ति नहुँदा अपेक्षित लक्ष्य हासिल गर्न सकिने अवस्था पनि देखिदैन । यस परिप्रेक्ष्यमा यो समय आगामी वर्षको लागि बजेट तथा कार्यक्रम बनाउने समय भएकोले स्थानीय तहको विशेष गरी रोजगारी सृजनाको क्षेत्रमा यस मन्त्रालयसँग अपेक्षा र स्थानीय तहमै रहेका अवसरहरुका बारेमा छलफल भई सो कुरा बजेट तथा कार्यक्रममा आउन सकोस् भन्नाका लागि विशेष अनुदान अन्तर्गतको प्राप्त बजेटबाट यो सम्मेलन आयोजना गरिएको छ ।

चालु आवमा प्रदेश सरकारले श्रम तथा रोजगार प्रबर्द्धन नीति, २०७५ तयार गरेको छ । उक्त नीतिले प्रदेशमा रोजगारी प्रबर्द्धनका विभिन्न

नीति तथा रणनीतिहरु पहिचान गरेको छ । उक्त नीतिको व्यवस्था अनुसार कर्णाली रोजगार योजनाका लागि चालु आर्थिक वर्षमा विशेष अनुदान मार्फत रु. १० करोड प्राप्त भई सबै जिल्लामा कार्यक्रम सञ्चालन गरिएको छ । हालै प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत स्थानीय तहमा रोजगार प्रबर्द्धन गर्न तीन तहकै सरकारको संयुक्त समझदारी बनेको छ । तसर्थ प्रदेशलाई समृद्ध प्रदेश बनाउन रणनीतिक प्राथमिकताका क्षेत्रहरु पहिचान गरी सो अनुसार स्थानीय तहदेखि नै आगामी कार्यक्रम तथा बजेट निर्माण गरी सो अनुसार सार्वजनिक, निजी, स्थानीय तथा सामुदायिक संयन्त्रहरुको प्रभावकारी परिचालन गर्न जरुरी छ । आगामी वर्षको बजेट निर्माण गर्ने समय भइसकेकोले स्थानीय तहमै उद्यमशीलता प्रवर्द्धन गर्ने नीति कार्यान्वयनका लागि बजेट निर्माण पूर्व प्रदेशको समस्टीगत रणनीतिक प्राथमिकताहरु यकिन गर्न सम्बन्धित विज्ञहरु, सरोकारवाला निकायहरु, विकास साझेदारहरु, स्थानीय तहका प्रतिनिधिहरु तथा सामुदायिक संघसंस्थाहरु संलग्न रहने "श्रम, सीप र रोजगारः युवासँग सरकार" भन्ने मूल नाराका साथ **उद्यमशीलता विकासका लागि कर्णाली सम्मेलन** भव्य रुपले आयोजना गरी सम्पन्न भएको छ ।

उक्त सम्मेलनमा स्थानीय तहका पदाधिकारी तथा विभिन्न सम्बन्धित निकायका प्रतिनिधिहरु गरी ३०८ जनाको सहभागिता रहेको थियो। मिति २०७६ असार ३ र ४ गते सञ्चालन गरिएको उक्त सम्मेलनमा विभिन्न ६ जना विज्ञहरुले उद्यमशीलता, रोगजार सृजना, समृद्धिका लागि लैङ्गिक मूल प्रवाहीकरण जस्ता विषयमा ६ वटा सत्र चलाइएको थियो । कार्यक्रममा सहभागीहरुलाई विभिन्न ८ वटा समूहमा विभाजन गरी आ-आफ्ना स्थानीय तहमा रहेका रोजगारीका अवसरहरुको पहिचान गरिएको थियो । कार्यक्रमको अन्त्यमा ९ बुँदे प्रतिवद्धता पत्र

समेत जारी गरिएको थियो । औपचारिक सत्रहरुको अलावा कार्यक्रममा स्वास्थ्य परीक्षण, योगा र पोषण प्रदर्शनी जस्ता अतिरिक्त क्रियाकलाप-हरु समेत आयोजना गरिएको थियो सो अनुसार २१४ जनाको स्वास्थ्य परीक्षण र योगामा ७० जना सहभागी भएका थिए ।

## २. उद्देश्य

यस सम्मेलनको मुख्य उद्देश्य रोजगारका विषयगत क्षेत्रहरू पहिचान गरी स्थानीय तहदेखि रोजगारी प्रबर्द्धनका उपायहरू यकिन गरी सो अनुरुप नीति, योजना तथा कार्यक्रम तय गर्ने रहेको छ । यसका अन्य उद्देश्यहरू निम्न बमोजिम रहेका छन्ः

- रोजगारीका विषयगत क्षेत्रहरू पहिचान गरी आगामी बजेट निर्माणमा प्रदेश र स्थानीय तहको प्राथमिकता र आधारहरू तय गर्ने ।
- कर्णालीलाई अर्गानिक प्रदेश बनाउन हरित उत्पादन र हरित रोजगारका लागि हरित लगानी बढाउने वातावरण बनाउने।
- सम्वृद्ध कर्णाली निर्माणको लागि प्रदेश सरकार र स्थानीय तहको साझेदारी तथा सहकार्य गर्ने क्षेत्र पहिचान गर्ने ।

## ३. मुख्य विषयहरुः

यस सम्मेलनमा निम्न विषय क्षेत्रमा विभिन्न विधिद्वारा व्यापक छलफल गरिएको थियोः

- प्रदेशमा रोजगारीको अवस्थाः अवसर र चुनौतीहरू
- समृद्ध कर्णाली निर्माणका आधारहरू
- स्थानीय तहमा रोजगारी सृजनाका आधार र अवसरहरू

- समृद्धिका लागि महिला सहभागिता
- उत्पादनमा महिलामुखी योजना तर्जुमा
- समावेशी लोकतन्त्रमा महिला प्रतिनिधित्व ।

## ४. अपेक्षित उपलब्धि

सम्मेलनबाट निम्नानुसारको उपलब्धि हासिल हुने अपेक्षा गरिएको थियो :-

- उद्यमशीलताको विकास गरी स्थानीय तहमा रोजगारी सृजना गर्ने सम्बन्धी प्रतिवद्धतापत्र जारी हुने ।
- स्थानीय तहको आगामी नीति, कार्यक्रम र बजेटमा रोजगारी सृजना गर्ने क्रियाकलापहरु प्रतिबिम्व हुने ।
- उद्यमशीलताको विकास गरी रोजगारी सृजना गर्ने सम्बन्धमा स्थानीय तह, प्रदेश सरकार र अन्य निकायहरुबीच रणनीतिक सम्बन्ध स्थापना हुने ।
- प्रधानमन्त्री रोजगार कार्यक्रम र श्रम तथा रोजगार प्रबर्द्धन नीति, २०७५ ले मार्गदर्शन गरेका प्रदेश सरकारका कार्यक्रम-हरु तथा स्थानीय तहका कार्यक्रमहरुको कार्यान्वयनमा तादम्यता हुने ।

## ५. कार्यक्रम सञ्चालनका पूर्व तयारीहरू

सामाजिक विकास मन्त्री माननीय दल रावलज्यूको अध्यक्षतामा मिति २०७६/२/१० मा बसेको बैठकबाट "उद्यमशीलता विकासका लागि कर्णाली सम्मेलन, २०७६" आयोजना गर्ने निर्णय भएको थियो । उक्त बैठकले सामाजिक विकास मन्त्रालयका सचिव डा. मानबहादुर

वीकेज्यूको संयोजकत्वमा एक ब्यवस्थापन समिति र देहाय बमोजिमका विभिन्न ६ उपसमिति गठन गरेको थियो ।

| क्र.सं. | उपसमितिको नाम | संयोजक |
|---|---|---|
| १ | ब्यवस्थापन समिति | सचिव डा. मानबहादुर वीके |
| २ | वन्दोवस्त ब्यवस्थापन उपसमिति | उपसचिव श्री विष्णुप्रसाद अधिकारी |
| ३ | प्रतिवेदन तयारी उपसमिति | उपसचिव श्री धर्मजीत शाही |
| ४ | प्रतिवद्धता मस्यौदा सहजीकरण उपसमिति | उपसचिव श्री भक्तबहादुर ढकाल |
| ५ | स्वास्थ्य शिविर उपसमिति | व.ज.स्वा.अ. श्री बृषबहादुर शाही |
| ६ | सत्र ब्यवस्थापन उपसमिति | उपसचिव श्री दामोदर फुयल |
| ७ | अतिथी सत्कार उपसमिति | उपसचिव श्री जमुना पौडेल |

उपरोक्त अनुसारका विभिन्न समिति, उपसमितिमा रहनु हुने सदस्यहरुको विवरण *अनुसूची-१* मा उल्लेख गरिएको छ ।

मिति २०७६/२/२३ मा बसेको ब्यवस्थापन समितिको बैठकले मिति २०७६/३/३ र ४ गते दुई दिन सुर्खेतमा "**उद्यमशीलता विकासका लागि कर्णाली सम्मेलन**" आयोजना गर्ने र कार्यक्रम स्थलमा सहभागी-हरूका लागि स्वास्थ्य शिविर तथा योग शिविर संचालन गर्ने निर्णय गर्नुका साथै सम्मेलन सफल पार्नका लागि ब्यवस्थापन समिति तथा विभिन्न उपसमितिहरूको आवश्यकता अनुसारको बैठक बसी आवश्यक तयारीका कार्यहरू प्रभावकारी ढंगले सम्पन्न गर्न निर्देशन दिएको थियो ।

## ६. सम्मेलनको कार्यतालिका

सम्मेलन २०७६ साल असार ३ र ४ गते दुई दिनसम्म विभिन्न सत्रमा विभिन्न कार्यक्रम/गतिविधिहरु संचालन भएका थिए । निर्धारित समयमा सम्मेलनको विषय वस्तुमाथिको छलफल, कार्यक्रमका अतिरिक्त बिहान योगा क्रियाकलापहरु समेत संचालन भएको थियो । सम्मेलनको कार्यतालिकाको विस्तृत विवरण *अनुसूची-२* मा दिइएको छ ।

## ७. कार्यक्रम सञ्चालन प्रक्रिया

सम्मेलन मिति २०७६ असार ३ र ४ गते वीरेन्द्रनगर स्थित सिद्धार्थ होटलमा सञ्चालन गरिएको थियो । सम्मेलनमा यस प्रदेशका सबै स्थानीय तहका योजना समितिका संयोजक (न.पा.का उपमेयर तथा गा.पा.का उपाध्यक्ष), प्रमुख कार्यकारी अधिकृतहरू, विशेष अनुदान मार्फत तालिम प्रदान गर्न संलग्न तालिम प्रदायक संस्थाहरू; प्राविधिक शिक्षा तथा ब्यावसायिक तालिम परिषद्, घरेलु विकास समिति, सीप विकास तालिम केन्द्र, रोजगारी सृजना र उद्यमशीलता विकासमा संलग्न विकास साझेदार संघ-संस्था (जस्तैः उद्योग वाणिज्य महासंघ, महिला उद्यमी संघ, घरेलु तथा साना उद्यमी संघ) का प्रतिनिधि लगायत अन्य सरोकारवाला मन्त्रालयका प्रतिनिधिहरू समेत गरी जम्मा ३०८ जनाको उपस्थिति रहेको थियो । उपस्थिति विवरण अनुसूची-३ मा रहेको छ । उक्त सम्मेलन विहान ९ बजेदेखि साँझ ६ बजेसम्म प्रतिदिन विभिन्न सत्रमा सञ्चालन गरिएको थियो । कार्यक्रममा सामाजिक विकास मन्त्रालयका सचिवज्यू, प्रदेश योजना आयोगका उपाध्यक्षज्यू प्रतिनिधि सभा सदस्य माननीय विन्दा पाण्डे, माननीय सत्या पहाडी लगायतका विज्ञबाट सहजीकरण भएको थियो । सम्मेलनमा विज्ञबाट विषयवस्तुको

प्रस्तुति, समूह छलफल र प्यानल छलफलका विविध विधिहरू अवलम्बन गरिएको थियो ।

## ८. सञ्चालित क्रियाकलापहरू

### *उद्घाटन सत्र*



सम्मेलनको उद्घाटन सत्रको अध्यक्षता सामाजिक विकास मन्त्रालयका माननीय मन्त्री दल रावलज्यू तथा प्रमुख आथित्यता कर्णाली प्रदेशका माननीय मुख्यमन्त्री महेन्द्र बहादुर शाहीज्यूबाट भएको थियो। सम्मेलनको उद्घाटन गर्दै माननीय मुख्यमन्त्रीज्यूले प्रदेश सरकारको आगामी आ.व. को बजेटको मुख्य उद्देश्य कर्णालीका नागरिकको नाना, खाना र छानाको आधारभूत आवश्यकता पूरा गर्न सहयोग पुऱ्याउनु रहेको बताउनुभयो । यसका लागि सबै स्थानीय सरकारहरूले आ-आफ्नो क्षेत्रमा स्थानीय सम्भावना-



को खोजी गर्नुपर्ने र त्यस्ता कार्यक्रमहरू प्रवर्द्धन गर्न प्रदेश सरकार तयार रहेको बताउनुभयो । यसका साथै एक गाउँ एक उत्पादन कार्यक्रम अवलम्बन गर्ने, श्रम गर्ने तथा श्रमको सम्मान गर्ने वातावरण विकास गरी हालको कर्णालीको परनिर्भरतालाई हटाउनुपर्ने कुरामा मुख्यमन्त्रीज्यूले जोड

दिनुभयो । उद्घाटन कार्यक्रमको समापन गर्दै सामाजिक विकास मन्त्री माननीय दल रावलले आगामी आ.व.को बजेटमा प्रदेश सरकारले उद्यमशिलता विकासलाई उच्च प्राथमिकतामा राखी मुख्यमन्त्री रोजगार कार्यक्रम सञ्चालन गर्न लागेको जानकारी दिनुभयो । यसका लागि समाजमा पछाडि परेको वर्ग क्षेत्रलाई विशेष रोगजार सिर्जनाका कार्यक्रम सञ्चालन गर्ने उद्देश्य प्रदेश सरकारको रहेको उहाँले बताउनुभयो । उहाँले स्थानीय तहका आवश्यकतामा आधारित साझेदारीका कार्यक्रम सञ्चालन गर्न प्रदेश सरकार इच्छुक रहेको बताउनुभयो ।

मन्त्रालयका सचिव एवं ब्यवस्थापन समितिका संयोजक डा. मानबहादुर वीकेले स्वागत गर्दै कार्यक्रममाथि प्रकाश पार्नुभएको थियो भने उद्घाटन कार्यक्रमको संचालन ब्यवस्थापन समितिका सदस्य उपसचिव दामोदर फुयलले गर्नुभएको थियो ।

## *विषयगत सत्रहरु*



विषयगत सत्रको शुरुमा सामाजिक विकास मन्त्रालयका सचिव डा. मान बहादुर वीकेबाट प्रदेशमा रोजगारीको अवस्थाः अवसर र चुनौतीहरू विषयमा आफ्नो प्रस्तुति राख्नुभयो । आफ्नो प्रस्तुतिमा उहाँले कर्णाली प्रदेशको हालको रोजगारीको अवस्था तथ्याङ्कगत रुपमा पेश गर्दै प्रदेशमा बेरोजगारीको अवस्था उच्च रहेको बताउनुभयो । उहाँले कर्णाली प्रदेश आफैमा प्राकृतिक सम्पदाले धनी प्रदेश भएकोले प्रदेशभित्र उपलब्ध स्रोतसाधनको प्रभावकारी परिचालन-

बाट प्रदेशको कायापलट हुन सक्ने र यसका लागि स्थानीय तह र प्रदेश सरकारले रणनीतिक प्राथमिकताका क्षेत्रहरू पहिचान गरी सरकारी, गैरसरकारी र नीजि क्षेत्रलाई समन्वयात्मक ढंगले अघि बढाउन पर्ने कुरामा विशेष रुपले जोड दिनुभयो । यसका लागि उहाँले केही रणनीतिक क्षेत्रहरू जस्तैः रोजगारी सृजना र उत्पादनशील लगानी (कृषि, जडिबुटी, पर्यटन, जलविद्युत सेवा), बस्ती व्यवस्थापन, चुस्त प्रशासनिक संरचना, उद्यमशील सरकार, जिम्मेवार सार्वजनिक वित्त व्यवस्थापन, साहशिक तथा पर्यापर्यटन, पूर्वाधार निर्माण, वित्तीय पहुँचको विस्तार आदि क्षेत्रहरू सुझाउनु भयो । अन्त्यमा, प्रदेशको तीव्र आर्थिक विकासमा सक्रिय हस्तक्षेप हुन सकेमा पाँच वर्षमा कर्णाली प्रदेशको आयस्तर उल्लेखनीय हुने तथा त्यसको लागि सबै तहका सरकारले अनुत्पादक आलङ्कारिक निकाय खडा गर्ने तथा उत्सवजन्य कार्यक्रममा रमाउनेभन्दा पनि उद्यमशील सरकारको रुपमा चुस्त प्रणाली विकास गरी जिम्मेवार लगानीमा ध्यान दिन जरुरी रहेको कुरा बताउनुभयो । वहाँको कार्यपत्र अनुसूचीमा रहेको छ ।

यसै गरी दोस्रो सत्रमा डा. रेणु अधिकारी राजभण्डारीज्यूले लैङ्गिक समानताको विषयमा छलफल गराउँदै उद्यमशिलता विकासका लागि सर्वप्रथम महिला सशक्तीकरण गर्नुपर्ने कुरामा जोड दिनुभयो । सशक्तीकरण र उद्यमशिलतालाई सँगै जोडेर अगाडि बढाउन सके मात्र लैङ्गिक समानताको लक्ष्यमा पुग्न सकिने बताउनुभयो । महिलालाई हेर्ने र बुझ्ने समाजको दृष्टिकोणमा परिवर्तन गराउन सकेमात्र उद्यमशिलतामा महिलालाई जोड्न सकिने र यसले उद्यमशिलता विकासमा प्रभावकारीता ल्याउने कुरामा जोड दिनुभयो । यसका लागि आ-आफ्नो तहमा लैङ्गिक समानता नीति बनाई लागु गर्नुपर्ने बताउनुभयो । उहाँले उक्त नीतिको

खाका प्रस्तुत गर्दै स्थानीय सरकारले बनाउने नीति, योजना तथा कार्यक्रमहरूबाट नै व्यक्ति, परिवार तथा समाजको सोच र व्यवहारमा परिवर्तन ल्याउन सकिन्छ भन्ने मान्यता अनुरुप स्थानीय तहमा लैङ्गिक संवेदनशिल योजनातर्जुमा गरी कार्यान्वयनमा ल्याउनु पर्ने बताउनुभयो ।



यसै गरी तेस्रो सत्रमा प्रतिनिधि सभा सदस्य माननीय सत्या पहाडीज्यूले समृद्धिका लागि महिला सहभागिता विषयमा सहजीकरण गर्दै महिला पहिला मानव हो र त्यसपछि नारी हो भन्दै महिला र पुरुषबीच जैविक दृष्टिले देखिने भिन्नता सवलता र दुर्वलता होइन, दुबैसँग जे छ त्यो दुबैको आ-आफ्नो बल हो भने जे छैन त्यो दुबैका लागि अपूर्णता हो भन्ने कुरा प्रस्तुत गर्नुभयो । यसैगरी पित्तृसत्तावाद र नारीवादका अतिवादलाई छाड्दै नारी र पुरुष एक रथका दुई पाङ्ग्राका रुपमा अङ्गिकार गरी महिलाको समृद्धिलाई समृद्धि मापनको एउटा महत्वपूर्ण आधारको रुपमा लिनुपर्ने बताउनुभयो । सिंगो मुलुक र कर्णालीको समृद्धिको एउटा महत्वपूर्ण शर्त विकास र समृद्धिको अभियानमा महिलाहरूको सहभागिता हो भन्ने कुरा राख्नुभयो ।



पहिलो दिनको अन्तिम सत्रमा कर्णाली प्रदेश योजना आयोगका उपाध्यक्ष माननीय प्रा. डा. पूण्यप्रसाद रेग्मीज्यूले सम्बृद्ध कर्णाली निर्माणका आधारहरू शीर्षकमा सहजीकरण गर्दै "समृद्ध कर्णाली, सुखारी कर्णालीबासी" प्रदेश योजना आयोगको नारा रहेको बताउनुभयो । पूर्वाधारलाई पहिलो प्राथमिकतामा राखेर योजना आयोगले 'सोच २१००' सहितको पहिलो पञ्चवर्षीय योजना तयार गर्दै रहेको जानकारी दिनुभयो। कर्णालीको समृद्धिको लागि कर्णालीमैत्री तथा कर्णाली अनुकुलनको विकास मोडल आवश्यक रहेको भन्दै यहाँ रहेको सम्पदाको परिचालन, संरक्षण र सम्बर्द्धन गरी रोजगारी सिर्जना गर्न आवश्यक रहेको उल्लेख गर्नुभयो ।




यसै गरी स्थानीय स्तरमा रोजगारी सिर्जनाको लागि स्थानीय उत्पादन तथा पर्यटन प्रबर्द्धनमा जोड दिनुपर्ने, स्थानीय स्तरमा श्रमप्रतिको सम्मान तथा श्रम गर्ने बानीको विकासका लागि व्यापक जनचेतनामूलक अभियान सञ्चालन गर्ने, उद्यमशिलता विकास तालिम सञ्चालन गर्ने, लघु उद्यम सञ्चालनका आर्थिक लगानीका अवसरहरू सिर्जना गर्ने जस्ता क्रियाकलापहरू सञ्चालन गर्नुपर्ने आवश्यकता औंल्याउनुभयो ।

सम्मेलनको दोस्रो दिनको पहिलो सत्रमा स्थानीय तहमा रोजगारी सृजनाका आधार र अवसरहरु विषयमा समूहकार्य गर्नका लागि विभिन्न आठ वटा समूह निर्माण गरी छलफल सञ्चालन गरियो । समूहमा छलफलका लागि सहजीकरण गर्नका लागि प्रत्येक समूहमा एक/एक जना पदाधिकारी/कर्मचारीहरु पनि तोकिएको थियो । उक्त छलफल पश्चात सबै समूहबाट प्रस्तुतीकरण गरिएको थियो । समूहका तर्फबाट प्रस्तुतीकरणका क्रममा यस प्रदेशको विभिन्न क्षेत्रभित्र रहेका पेट्रोलियम पदार्थको उत्खनन्, जडिबुडी प्रशोधन उद्योग, नेपाली/हाते कागज उद्योग, मूल्यवान पत्थरको उत्खनन् र प्रशोधन, पर्यटन उद्योग, छाला उद्योग, भाँडा उद्योग, विभिन्न पूर्वाधारका आयोजनाहरुको संचालन निर्माण लगायतका कार्यक्रम संचालन गरिएमा रोजगारीका तमाम सम्भावना र अवसरहरु रहेको उल्लेख भएको थियो । त्यसैगरी स्थानीय उत्पादनमा जोड दिनुपर्ने, शिक्षा स्वास्थ्य तथा पूर्वाधारको विकास गर्नु पर्ने, चेतनाको अभिवृद्धि गर्नु पर्ने, स्थानीय आवश्यकता तथा सम्भावनामा आधारित तालिमको सञ्चालन गर्नु पर्ने, बजार व्यवस्थापन गर्नु पर्ने, आर्थिक लगानीको लागि सहुलियतपूर्ण ऋण उपलब्ध गराउनु पर्ने, पुरस्कार तथा सम्मान गर्नु पर्ने जस्ता विषयहरू प्रस्तुत भएका थिए । समूहमा रहेका जिल्ला तथा स्थानीय तहहरुको विवरण *अनुसूची-४* मा उल्लेख गरिएको छ ।








समूह कार्यसंगसंगै जिल्ला समन्वय समिति दैलेखका प्रमुख श्री प्रेम बहादुर थापाको संयोजकत्वमा ५ सदस्यीय उद्यमशिलता विकासका लागि कर्णाली सम्मेलन प्रतिवद्धतापत्र मस्यौदा समिति गठन गरियो । उक्त समितिका अन्य सदस्यहरूमा जिसस सुर्खेत र जुम्लाका प्रमुखज्यू, सिमकोट गाउँपालिकाका उपाध्यक्षज्यू र बागचौर नगरपालिका उपाध्यक्षज्यू हुनुहन्थ्यो भने मन्त्रालयकी महिला विकास अधिकृत अनिता ज्ञवालीले सहजीकरण गर्नुभएको थियो । उक्त समितिले सम्मेलनमा भए गरेका क्रियाकलापहरू तथा उपस्थित सहभागीहरूसँग

छलफल तथा समन्वय गरी प्रतिवद्धता पत्रको मस्यौदा लेखन गर्ने जिम्मेवारी प्राप्त गरेको थियो ।



यसैगरी दोस्रो सत्रमा प्रतिनिधि सभाका सदस्य माननीय डा. विन्द्रा पाण्डे ज्यूले उत्पादनमा लक्षित वर्गको सहभागिता सुनिश्चितता सहितको योजना तर्जुमा विषयमा छलफल गराउनु भयो । उहाँले कुनै पनि कार्यक्रमले मूलतः सीप र प्रवृत्तिमा जोड दिनुपर्ने, पछि परेकोलाई समता नीति अवलम्बन गर्नुपर्ने, कार्यक्रमहरूले समृद्धिका विभिन्न आधारहरूलाई जोड दिनुपर्ने बताउनुभयो । मुख्यतः उहाँले अबको रुपान्तरण विद्यमान सोच र प्रवृत्तिको रहेको बताउनुभयो ।

यसै गरी तेस्रो सत्रमा प्रतिनिधि सभा माननीय पार्वतीकुमारी विसुन्खेज्यूले समावेशी लोकतन्त्रमा महिला प्रतिनिधित्व विषयमा छलफललाई अगाडि बढाउनु भयो । आफ्नो प्रस्तुतिमा उहाँले नेपाली समाजमा महिलाको स्थान र सहभागिता सम्बन्धी ऐतिहासिक पक्षबारे चर्चा गर्दै विभिन्न चरणका आन्दोलन तथा दवावबाट राज्यका विभिन्न क्षेत्रमा महिलाको एक तिहाइ सहभागिता सुनिश्चित गरिएको तर उक्त सहभागिता पनि अर्थपूर्ण हुन नसकेको बताउदै अबको प्रतिनिधित्व रुपमा मात्र हैन सारमा गर्ने गरी गराउनु पर्ने र त्यसका लागि व्यापक सशक्तीकरण र

रुपान्तरणका कार्यक्रममा जोड दिनुपर्ने बताउनुभयो । विभिन्न सत्रहरुमा विज्ञद्वारा प्रस्तुत गरिएका कार्यपत्र तथा प्रस्तुतीकरण अनुसूची-५ मा संलग्न गरिएको छ।



यस पश्चात सामाजिक विकास मन्त्रालयका उपसचिव दामोदर फूयाँलज्यूले समावेशी लोकतन्त्रमा महिला विषयमा प्यानल छलफल सञ्चालन गर्नुभयो । उक्त छलफलमा प्यानालिष्टको रुपमा माननीय सदस्यहरू पार्वतीकुमारी विसुन्खे, सत्या पहाडी, रंगमति शाही र विन्दा पाण्डे हुनुहुन्थ्यो । उक्त छलफलमा सर्वप्रथम सहभागीहरूबाट आफ्नो जिज्ञासा राख्न लगाइएको थियो । सहभागीहरूका जिज्ञाशा पश्चात उठेका प्रश्नको सम्बोधन प्यानलिष्टहरुबाट पालैपालो भएको थियो ।



अधिकांश रुपमा अझैं महिला सहभागिता आंशिक रुपमा मात्र भएको र अर्थपूर्ण सहभागिता हुन नसकेको, नीति नियम तथा कानुनको कार्यान्वन नभएको सन्दर्भका जिज्ञाशाहरू उठेका थिए । प्यानलिष्टहरुले सम-सामयिक विषयमा उठेका जिज्ञाशाको उत्तर दिदैं समग्र रुपमा महिला सहभागिता बढाउनको लागि सबै तहबाट महिलालाई हेर्ने, बुझ्ने र ब्यवहार गर्ने विद्यमान सोच तथा व्यवहारमा परिवर्तन गर्ने खालका कार्यक्रमहरू सञ्चालन गर्नु पर्ने बताउनुभयो । महिलाहरूलाई प्रत्यक्ष आर्थिक उपार्जनका क्रियाकलापमा संलग्न गराउने खालका कार्यक्रम सञ्चालन गर्नुपर्ने बताउनु भयो ।

यस पश्चात महिला विकास अधिकृत अनिता ज्ञवालीबाट उद्यमशिलता विकासका लागि कर्णाली सम्मेलन प्रतिवद्धता पत्र मस्यौदा समितिको तर्फबाट घोषणा पत्रको मस्यौदा वाचन गरियो । वाचन पश्चात उक्त घोषणा पत्रमा बुँदागत रुपमा छलफल गरियो । छलफल पश्चात केही सुधार गरी पारित गरियो । घोषणापत्रको पूर्णपाठ *अनूसूची-६* मा रहेको छ ।

## *सम्मेलनको समापन*

सम्मेलनको अन्त्यमा सामाजिक विकास मन्त्रालयका माननीय मन्त्रीज्यूबाट सम्मेलनको समापन मन्तव्य राख्दै उद्यमीलाई श्रमसँग जोड्नुपर्ने, महिला, युवा तथा दलित लक्षित उद्यमशिल कार्यक्रम सञ्चालन गर्नुपर्ने कुरामा जोड दिनुभयो। यसैगरी नेपालमा संघीयताको अभ्यास नयाँ भएकोले केही अलमल भए पनि तीनै तहका सरकारबीच समन्वयात्मक ढंगले उद्यमशिलता विकासका लागि कार्यगत एकरुपता कायम गर्न सके कर्णालीमा रोजगारीका तमाम अवसर सिर्जना गर्न

सकिनेमा विश्वस्त भएको कुरा राख्नुभयो । यसैगरी उहाँले स्थानीय सरकारको आगामी बजेटमा यस सम्मेलनको प्रतिविम्बन देखिओस् भन्ने सुभेच्छा समेत प्रकट गर्नुभयो । कर्णालीको विकासको लागि सबै जुट्न आह्वान गर्दै जिल्ला समन्वय समितिले प्रदेश तथा स्थानीय स्तरका विकास आयोजनाहरूको प्रभावकारी अनुगमन गर्न आग्रह गर्नुभयो । अन्त्यमा यो सम्मेलनलाई सफल पार्न सक्रिय भूमिका निर्वाह गर्नुहुने प्रमुख अतिथि, अतिथि लगायत सबै सहभागी महानुभावहरूमा धन्यवाद ज्ञापन गर्दै यो सम्मेलन कर्णालीको उद्यमशिलता विकासका लागि कोशेढुंगा सावित हुन सकोस् भन्ने अपेक्षा व्यक्त गरी सम्मेलनको समापन गर्नुभयो ।

सम्मेलनको प्रत्येक दिन बिहान ५ बजेदेखि सम्मेलन स्थलमा योग शिविर सञ्चालन गरिएको थियो । उक्त शिविरमा पहिलो दिन २० जना तथा दोश्रो दिन ५० जनाको सहभागिता रहेको थियो । सम्मेलन स्थलमा स्वास्थ्य निर्देशनालयबाट निःशुल्क स्वास्थ्य जाँच शिविर सञ्चालन गरिएको थियो । उक्त शिविरमा रक्तचाप, सुगर, तौल उचाइ अनुपात परीक्षण गरिनुका साथै परामर्श सेवा सञ्चालन गरिएको थियो । उक्त शिविरबाट २१४ जनाले सेवा लिनुभएको थियो । उक्त स्थलमा सुआहारा कार्यक्रमबाट पोषण सम्बन्धी चेतनामूलक प्रदर्शनी समेत गरिएको थियो ।

## ९. सम्मेलनका उपलब्धिहरू

- यस प्रदेशको श्रम तथा रोजगारको अवस्थाबारे बहुआयामिक रुपले ब्याख्या तथा विश्लेषण भयो।

- प्रदेश तथा स्थानीय स्तरमा रहेका उद्यमशिलता विकाससँग सम्बन्धित विविध समस्या तथा चुनौति बारे छलफल भयो ।
- प्रदेशका श्रम तथा रोजगारका विविध आयाम बारेमा छलफल गरी साझा बुझाइको विकास भयो।
- प्रदेश तथा स्थानीयस्तरका चालु आ.व.का श्रम रोजगार तथा उद्यमशिलतासँग सम्बन्धित नीति तथा कार्यक्रम कार्यान्वयन अवस्थाको समीक्षा भयो ।
- प्रदेश तथा स्थानीय स्तरमा आगामी आ.व. को बजेट तथा कार्यक्रममा समावेश गर्नुपर्ने क्रियाकलापहरूको पहिचान गरियो ।
- प्रदेश र स्थानीय तहबीच नीतिगत तथा कार्यान्वयनगत रुपमा समन्वय गर्न साझा अवधारणाको विकास गरियो ।
- बेरोजगारहरूको लगत लिई रोजगारीका कार्यक्रम सञ्चालन गर्ने सम्बन्धमा समझदारीको विकास भयो।
- प्रदेशभित्र साना, मध्यम र ठूला आयोजनाहरूको विकास र सञ्चालन गर्दा प्रदेशभित्रका श्रमशक्तिको उपयोगलाई प्राथमिकता दिइने विषयमा समझदारी बनेको छ ।
- प्रत्येक स्थानीय तहमा सञ्चालित रोजगार सूचना केन्द्रहरूबाट सूचना सङ्कलन गरी प्रदेशस्तरको रोजगार सूचना पोर्टल तयार गर्ने प्रतिवद्धता प्राप्त भएको छ।
- मन्त्रालय र स्थानीय तहमा रहने अनलाईन प्रणालीमा आधारित रोजगार व्यवस्थापन सूचना प्रणालीलाई एकआपसमा जोड्ने सम्बन्धमा छलफल भयो ।

- श्रम बजार तथा रोजगारीको क्षेत्रमा समान पहुँच हुने र लैङ्गिक मैत्री तथा समावेशी हुने कुराको सुनिश्चतता गर्ने प्रतिवद्धता प्राप्त भएको छ ।
- प्रत्येक स्थानीय तहमा उद्योग ग्राम स्थापना गर्ने कार्यलाई प्रदेश तहबाट आवश्यक सहयोग जुटाउने सम्बन्धमा समझदारी विकास भएको छ।
- सामुदायिक बैङ्किग प्रणाली (Community Banking Approach) लाई प्रदेशको सबै स्थानहरूमा प्रबर्द्धन गरी उद्यमशिलताका लागि वित्तीय पहुँच विस्तार गर्ने सम्बन्धमा छलफल भएको छ।

## १०. निश्कर्ष

संघीयताको अभ्यास गरेको झण्डै दुई वर्ष भइसक्दा पनि कर्णाली प्रदेश सरकार तथा स्थानीय तहका वार्षिक बजेट तथा कार्यक्रमहरूमा उद्यमशिलता विकाससँग सम्बन्धित कार्यक्रमहरू प्राथमिकतामा पर्न नसकेको सन्दर्भमा आयोजित यो कार्यक्रम महत्वपूर्ण कार्यक्रम हो । चालु आ. व. को कार्यक्रमहरू कार्यान्वयनको अन्त्य तथा संघीय सरकारको आगामी आ. व. को बजेट भर्खरै आएको र प्रदेश तथा स्थानीय तहको बजेट तर्जुमाको अन्तिम चरणमा आयोजित यो कार्यक्रममा पनि आमन्त्रित सहभागीहरूको उपस्थिति उत्साहजनक रहेको थियो । सम्मेलनमा सहजीकरणका लागि आमन्त्रित विज्ञ महानुभावहरूले यो सम्मेलनको मर्मलाई आत्मसात गरी विषयवस्तुलाई समयसापेक्ष रुपले कर्णाली विशेष बनाई सहजीकरण गर्नुभएको पाइयो । सम्मेलनका सहभागीहरूमा यो सम्मेलनको उपलब्धिलाई

कसरी आफ्ना कार्यक्रमहरूमा प्रतिविम्बन गर्ने भन्ने चासो रहेको पाइयो ।

सम्मेलनका निर्धारित विषयवस्तुमा बहुआयामिक रुपले गहन छलफल भएर कर्णाली प्रदेशमा उद्यमशिलता विकासका लागि बहुआयामिक उपागमहरू प्रयोग गर्नुपर्ने देखिन्छ । मुख्यत स्थानीय स्तरका कार्यक्रममा पछि परेको वर्ग क्षेत्रलाई मूल प्रवाहमा ल्याउनका लागि लक्षित कार्यक्रम सञ्चालन गर्नुपर्ने, श्रम गर्ने बानीको विकास तथा श्रम र श्रमिकलाई सम्मान गर्ने वातावरणको विकास, स्थानीय उत्पादन र पर्यटन प्रबर्द्धनमा जोड दिने, उद्यमशिल कार्यक्रम सञ्चालनका लागि अनुदान तथा सहुलियतपूर्ण कर्जा उपलब्ध गर्ने जस्ता कार्यक्रमहरू सञ्चालन गर्नुपर्ने देखिन्छ । प्रदेश सरकारले पूर्वाधारको विकास तथा बजार व्यवस्थापनमा लगानी गर्नु पर्ने कुरामा सम्मेलनले जोड दिएको छ । समग्रमा यो सम्मेलनले उद्यमशिलता विकासका लागि सहभागी-हरूलाई घच्घचाउन सफल भएको पाइन्छ । यसैको प्रतिफलस्वरुप उद्यमशिलता विकासका लागि कर्णाली सम्मेलनबाट साझा प्रतिवद्धता पत्र समेत जारी भएको छ । साथै उक्त प्रतिबद्धता पत्र सबै स्थानीय तह, सबै जिल्ला समन्वय समिति, सबै मन्त्रालय तथा विभिन्न सरोकारवाला निकायहरुमा पठाइएको थियो । निकायहरुलाई पठाएको पत्र *अनुसूची-७* मा प्रस्तुत गरिएको छ ।

# ११. अनुसूचीहरू

## अनुसूची-१

**सम्मेलन व्यवस्थापन समितिः**

१. सचिव डा. मानबहादुर वीके, सामाजिक विकास मन्त्रालय, कर्णाली प्रदेश -संयोजक

२. उपसचिव श्री भक्तबहादुर ढकाल, शिक्षा विकास निर्देशनालय, कर्णाली प्रदेश -सदस्य

३. उपसचिव श्री विष्णुप्रसाद अधिकारी, सामाजिक विकास मन्त्रालय, कर्णाली प्रदेश -सदस्य

४. उपसचिव श्री धर्मजित शाही, शिक्षा तालिम केन्द्र, कर्णाली प्रदेश -सदस्य

५. उपसचिव श्री दामोदर फुयल, सामाजिक विकास मन्त्रालय, कर्णाली प्रदेश -सदस्य

६. उपसचिव श्री जमुना पौडेल, सामाजिक विकास मन्त्रालय, कर्णाली प्रदेश -सदस्य

७. उपसचिव, श्री वृषबहादुर शाही, सामाजिक विकास मन्त्रालय, कर्णाली प्रदेश -सदस्य

८. शा. अ. श्री मणिराम खराल, सामाजिक विकास मन्त्रालय, कर्णाली प्रदेश -सदस्य

९. शा. अ. श्री रेश्मा वि.सी., सामाजिक विकास मन्त्रालय, कर्णाली प्रदेश -सदस्य

**बन्दोबस्त व्यवस्थापन उपसमितिः**

१. उपसचिव, श्री विष्णुप्रसाद अधिकारी, सामाजिक विकास मन्त्रालय, कर्णाली प्रदेश -संयोजक

२. शा.अ. श्री पूर्णप्रसाद उपाध्याय, सामाजिक विकास मन्त्रालय, कर्णाली प्रदेश -सदस्य

३. अधिकृत श्री राजनप्रसाद आचार्य, सामाजिक विकास मन्त्रालय, कर्णाली प्रदेश -सदस्य

४. ना.सु. श्री रिता वाग्ले,
सामाजिक विकास मन्त्रालय, कर्णाली प्रदेश -सदस्य

**प्रतिवेदन उपसमितिः**

१. उपसचिव श्री धर्मजित शाही,
शिक्षा तालिम केन्द्र, कर्णाली प्रदेश -संयोजक

२. शा. अ. श्री सुवर्णकुमार खड्का,
शिक्षा तालिम केन्द्र, कर्णाली प्रदेश -सदस्य

३. शा. अ. श्री रामबहादुर सारु,
सामाजिक विकास मन्त्रालय, कर्णाली प्रदेश -सदस्य

४. कानून अ. श्री सुप्रिया सिलवाल,
सामाजिक विकास मन्त्रालय, कर्णाली प्रदेश -सदस्य

**प्रतिवद्धता मस्यौदा सहजीकरण उपसमितिः**

१. उपसचिव श्री भक्तबहादुर ढकाल,
शिक्षा विकास निर्देशनालय, कर्णाली प्रदेश -संयोजक

२. म.वि.अ. श्री अनिता ज्ञवाली,
सामाजिक विकास मन्त्रालय, कर्णाली प्रदेश -सदस्य

३. म.वि.अ. श्री सुनिता के.सी.,
सामाजिक विकास मन्त्रालय, कर्णाली प्रदेश -सदस्य

४. शा.अ. श्री नारायणप्रसाद पौडेल,
सामाजिक विकास मन्त्रालय, कर्णाली प्रदेश -सदस्य

**स्वास्थ्य शिविर उपसमितिः**

१. ब.ज.स्वा.प्र. श्री बृषबहादुर शाही,
सामाजिक विकास मन्त्रालय, कर्णाली प्रदेश - संयोजक

२. ज.स्वा.अ. श्री ओमप्रकाश जोशी,
सामाजिक विकास मन्त्रालय, कर्णाली प्रदेश - सदस्य

३. आयुर्वेद चिकित्सक डा. मशेश खनाल,
प्रदेश आयुर्वेद औषधालय, - सदस्य

४. अ.न.मि. श्री पुष्पा वली खत्री,
सामाजिक विकास मन्त्रालय, कर्णाली प्रदेश - सदस्य

५. हे. अ. श्री सुशिल शाही,
सामाजिक विकास मन्त्रालय, कर्णाली प्रदेश - सदस्य

**सत्र ब्यवस्थापन उपसमितिः**

१. उपसचिव श्री दामोदर फुयल,
सामाजिक विकास मन्त्रालय, कर्णाली प्रदेश -संयोजक

२. शा. अ. श्री रामप्रसाद उपाध्याय,
सामाजिक विकास मन्त्रालय, कर्णाली प्रदेश - सदस्य

३. शा. अ. श्री रेश्मा वि.सी.,
सामाजिक विकास मन्त्रालय, कर्णाली प्रदेश -सदस्य

४. प्रा. स. श्री रेशमबहादुर खत्री,
सामाजिक विकास मन्त्रालय, कर्णाली प्रदेश -सदस्य

**अतिथि सत्कार उपसमितिः**

१. उपसचिव श्री जमुना पौडेल,
सामाजिक विकास मन्त्रालय, कर्णाली प्रदेश -संयोजक

२. शा. अ. श्री पदमबहादुर बुढा,
सामाजिक विकास मन्त्रालय, कर्णाली प्रदेश -सदस्य

३. म. वि. नि. श्री देवी सुवेदी,
सामाजिक विकास मन्त्रालय, कर्णाली प्रदेश -सदस्य

४. म. वि. नि. श्री यशोदा शर्मा,
सामाजिक विकास मन्त्रालय, कर्णाली प्रदेश -सदस्य

<u>अनुसूची-२</u>

# सम्मेलनको कार्यतालिका

| २०७६ असार ३ गते | | | |
|---|---|---|---|
| **सत्र** | **समय** | **विषयवस्तु** | **प्रस्तुतकर्ता** |
| **योगा** | **५:३०-७:००** | **योगा क्रियाकलापहरू** | |
| खाजा | ८:००-९:०० | खाजा | |
| उद्घाटन | ९:००-१०:३० | उद्घाटन सत्रका विषयवस्तुहरू | |
| पहिलो सत्र | १०:३०-१२०० | प्रदेशमा रोजगारी अवस्थाः अवसर र चुनौतीहरू | सचिव डा.मानबहादुर बीके सामाजिक विकास मन्त्रालय |
| दोस्रो सत्र | १२:००-१:०० | समृद्धि र उद्यमशीलताका लागि महिला सहभागिता | डा.राजभण्डारी (रेणु अधिकारी ) |
| खाना | १:००-२:०० | खाना | |
| तेस्रो सत्र | २:००-३:३० | समृद्धिका लागि महिला सहभागिता | मा. सत्या पहाडी |
| चिया | ३:३०-४:०० | चिया कुकिज | |
| चौथो सत्र | ४:००-५:३० | समृद्ध कर्णाली निर्माणका आधारहरू | प्रा.डा. पुण्यप्रसाद रेग्मी,उपाध्यक्ष, प्रादेशिक योजना आयोग, कर्णाली |
| २०७६ असार ४ गते | | | |
| **योगा** | **५:३०- ७:००** | **योगा क्रियाकलापहरू** | |
| खाजा | ८:००-९:०० | खाजा | |

| सत्र | समय | विषयवस्तु | प्रस्तुतकर्ता |
|---|---|---|---|
| पहिलो सत्र | ९:००-१०:३० | स्थानीय तहका रोजगारी सृजना: आधार र अवसरहरू (समूह कार्य तथा प्रस्तुती) | समूह छलफल (cluster निर्माण गरेर) |
| दोस्रो सत्र | ११:३०-१:०० | उत्पादनमा लक्षित वर्गको सहभागिता सुनिश्चित गर्ने गरी योजना तर्जुमा | मा. डा. विन्दा पाण्डे |
| खाना | १:००-२:०० | खाना | |
| तेस्रो सत्र | २:०० ३:३० | समावेशी लोकतन्त्रमा महिला प्रतिनिधित्त्व | मा. डा. विन्दा पाण्डे, मा. सत्या पहाडी, मा. पार्वतीकुमारी विशुन्के रमा. रङ्गमती शाही |
| चिया | ३:३०-४:०० | चिया कुकिज | |
| समापन | ४:००-५:३० | प्रतिवद्धतापत्र र समापन सत्रका विषयवस्तुहरू | |

<u>अनुसूची-३</u>

## "उद्यमशिलता विकासका लागि कर्णाली सम्मेलन" कार्यक्रमका उपस्थित विशिष्ट महानुभावहरू

| सि.नं. | नाम, थर | पद | संस्थाको नाम |
|---|---|---|---|
| १ | मा. महेन्द्रबहादुर शाही | मुख्यमन्त्री | कर्णाली प्रदेश |
| २ | मा. डा.विन्दा पाण्डे | सदस्य | प्रतिनिधि सभा |
| ३ | मा. सत्या पहाडी | सदस्य | प्रतिनिधि सभा |
| ४ | मा. पार्वतीकुमारी विशुन्के | सदस्य | प्रतिनिधि सभा |
| ५ | मा. रङ्गमती शाही | सदस्य | प्रतिनिधि सभा |
| ५ | मा. दल रावल | मन्त्री | सामाजिक विकास, कर्णाली प्रदेश |
| ७ | मा. नन्दसिंह बुढा | मन्त्री | उद्योग, पर्यटन, वन तथा वातावरण कर्णाली प्रदेश |
| ७ | मा. बिमला के.सी. | मन्त्री | भूमि व्यवस्था, कृषि तथा सहकारी, कर्णाली प्रदेश |
| ९ | मा. प्रा.डा. पुण्य प्रसाद रेग्मी | उपाध्यक्ष | प्रादेशिक योजना आयोग, कर्णाली प्रदेश |
| १० | डा. मानबहादुर वि.के. | सचिव | सामाजिक विकास मन्त्रालय |
| ११ | सन्तबहादुर सुनार | सचिव | आर्थिक मामिला तथा योजना मन्त्रालय, कर्णाली प्रदेश |
| ११ | डा. रेणु अधिकारी (राजभण्डारी) | विज्ञ | महिला विकास |

## "उद्यमशिलता विकासका लागि कर्णाली सम्मेलन" का उपस्थित जिसस तथा स्थानीय तहका सहभागीहरूको नामावली

| क्र.सं. | जिल्ला | स्थानीय तह/ जिल्ला स.स. | पद | नाम, थर | कैफियत |
|---|---|---|---|---|---|
| १ | सुर्खेत | जि.स.स. | जि.स.स. प्रमुख | छविलाल सिग्देल | |
| २ | | | जिल्ला समन्वय अधिकारी | दुर्गाप्रसाद चालिसे | |
| ३ | | भेरीगंगा | उपप्रमुख | रेणु आचार्य (ढकाल) | |
| ४ | | | रोजगार संयोजक | सरोज थिङ | |
| ५ | | लेकवेशी | उपप्रमुख | शान्तिकुमारी छन्त्याल | |
| ६ | | | प्रमुख प्रशासकीय अधिकृत | कृष्णप्रसाद खरेल | |
| ७ | | बराहताल | उपाध्यक्ष | शोभाकुमारी शर्मा | |
| ८ | | चिङ्गाड | उपाध्यक्ष | मनमाया आचार्य | |
| ९ | | | प्रमुख प्रशासकीय अधिकृत | वीरेन्द्रजंग राना क्षेत्री | |
| १० | | सिम्ता | उपाध्यक्ष | चन्दाकला शाही | |
| ११ | दैलेख | जि.स.स. | जि.स.स. प्रमुख | प्रेमबहादुर थापा | |
| १२ | | | कार्यक्रम अधिकृत | पदम सापकोटा | |
| १३ | | नारायण | उपप्रमुख | सावित्री मल्ल | |
| १४ | | | स्वास्थ्य संयोजक | लोमन शर्मा | |
| १५ | | दुल्लु | उपप्रमुख | विष्णु थापा | |
| १६ | | | रोजगार संयोजक | दिनेश दहाल | |
| १७ | | चामुण्डा विन्द्रासैनी | उपप्रमुख | ताराकुमारी खत्री | |
| १८ | | | प्रमुख प्रशासकीय अधिकृत | तिलक वि.क. | |
| १९ | | आठबीस | उपप्रमुख | दीपा बोहरा | |
| २० | | | प्रमुख प्रशासकीय अधिकृत | कुलराज सुवेदी | |
| २१ | | भगवतीमाई | प्रमुख प्रशासकीय अधिकृत | बलबहादुर भण्डारी | |
| २२ | | गुराँस | उपाध्यक्ष | दीपा बी.सी. | |
| २३ | | | उ.स.वि. | इन्द्रा थापा मगर | |

| क्र.सं. | जिल्ला | स्थानीय तह/ जिल्ला स.स. | पद | नाम, थर | कैफियत |
|---|---|---|---|---|---|
| २४ | | डुङ्गेश्वर | उपाध्यक्ष | सिता ज्ञवाली | |
| २५ | | | प्रमुख प्रशासकीय अधिकृत | रामबहादुर बुढा | |
| २६ | | नौमुले | उपाध्यक्ष | अमृता सिंह | |
| २७ | | | स.नि.वि.म. | रमाकुमारी थापा | |
| २८ | | महाबु | उपाध्यक्ष | प्रेमकुमारी बुढा | |
| २९ | | भैरवी | उपाध्यक्ष | पदमकुमारी विष्ट | |
| ३० | | | प्रमुख प्रशासकीय अधिकृत | मोहनप्रसाद देवकोटा | |
| ३१ | | ठाँटीकाँध | उपाध्यक्ष | सुस्मिता सिंह | |
| ३२ | | | प्रमुख प्रशासकीय अधिकृत | बाबुराम नेपाली | |
| ३३ | कालिकोट | जि.स.स. | जि.स.स. प्रमुख | श्री अनिपाल शाही | |
| ३४ | | रास्कोट | उपप्रमुख- | मिमसरा बम | |
| ३५ | | | प्रमुख प्रशासकीय अधिकृत | जवान सिंह वम | |
| ३६ | | शुभकालिका | उपाध्यक्ष | पम्फाकुमारी शाही | |
| ३७ | | | प्रमुख प्रशासकीय अधिकृत | खड्कप्रसाद उपाध्याय | |
| ३८ | | महावै | उपाध्यक्ष | मनराज शाही | |
| ३९ | | | प्रमुख प्रशासकीय अधिकृत | गणेशमान सिंह | |
| ४० | | सान्नित्रिवेणी | उपाध्यक्ष | होइजाकुमारी बुढा | |
| ४१ | | | प्रमुख प्रशासकीय अधिकृत | श्रीबहादुर विष्ट | |
| ४२ | | पचालझरना | उपाध्यक्ष | तारा न्यौपाने | |
| ४३ | | | प्रमुख प्रशासकीय अधिकृत | प्रकाशकुमार कठायत | |
| ४४ | | पलाता | सूचना अधिकृत | नविन चौहान | |
| ४५ | | नरहरिनाथ | उपाध्यक्ष | मनशोभा बुढा | |
| ४६ | जुम्ला | जि.स.स. | जि.स.स. प्रमुख | लालबहादुर सार्की | |
| ४७ | | चन्नदनाथ | उपप्रमुख- | अप्सरादेवी न्यौपाने | |

| क्र.सं. | जिल्ला | स्थानीय तह/ जिल्ला स.स. | पद | नाम, थर | कैफियत |
|---|---|---|---|---|---|
| ४८ | | हिमा | उपाध्यक्ष | हिमाली रोकाया | |
| ४९ | | | प्रमुख प्रशासकीय अधिकृत | लोकप्रसाद उपाध्याय | |
| ५० | | तिला | उपाध्यक्ष | विष्णु बुढा | |
| ५१ | | | प्रमुख प्रशासकीय अधिकृत | जनकबहादुर बस्नेत | |
| ५२ | | गुठिचौर | उपाध्यक्ष | जानकीदेवी एडी | |
| ५३ | | | प्रमुख प्रशासकीय अधिकृत | केशबराज शर्मा | |
| ५४ | | तातोपानी | उपाध्यक्ष | गंगादेवी उपाध्याय | |
| ५५ | | | प्रमुख प्रशासकीय अधिकृत | नेत्रराज गिरी | |
| ५६ | मुगु | जि.स.स. | जि.स.स. उपप्रमुख | कौशिला मल्ल | |
| ५७ | | | जिल्ला समन्वय अधिकारी | मणिचन्द्र कार्की | |
| ५८ | | मुगुमकार्मारोङ्ग | उपाध्यक्ष | छिरिङ्ग तामाङ | |
| ५९ | | | प्रमुख प्रशासकीय अधिकृत | विकास शर्मा रिजाल | |
| ६० | | खत्याड | उपाध्यक्ष | जयनन्दा रावल | |
| ६१ | | | ना.प्रा.स. | विष्णुबहादुर रावल | |
| ६२ | | सोरु | प्रमुख प्रशासकीय अधिकृत | परशुराम उपाध्याय | |
| ६३ | हुम्ला | जि.स.स. | जि.स.स. प्रमुख | दान ब. रावत | |
| ६४ | | | जिल्ला समन्वय अधिकारी | रामप्रसाद अधिकारी | |
| ६५ | | सिमिकोट | उपाध्यक्ष | वली रावत | |
| ६६ | | | नि.प्रमुख प्रशासकीय अधिकृत | धर्मराज रोकाया | |
| ६७ | | नाम्खा | उपाध्यक्ष | पेमा लामा | |
| ६८ | | | अधिकृत | पठान बुढा | |
| ६९ | | सर्केगाड | उपाध्यक्ष | जोसी धामी | |
| ७० | | | कम्प्युटर अपरेटर | गणेश वि.क. | |

| क्र.सं. | जिल्ला | स्थानीय तह/ जिल्ला स.स. | पद | नाम, थर | कैफियत |
|---|---|---|---|---|---|
| ७१ | | चंखेली | उपाध्यक्ष | बिमलाकुमारी शाही | |
| ७२ | | | नि.प्रमुख प्रशासकीय अधिकृत | नवीन रेग्मी | |
| ७३ | | अदानचुली | उपाध्यक्ष | सौमति रावल | |
| ७४ | | | प्रमुख प्रशासकीय अधिकृत | रोमाकान्त पाण्डे | |
| ७५ | | ताँजाकोट | उपाध्यक्ष | मन्जु बुढा | |
| ७६ | | | कम्प्युटरअपरेटर | विसम ऐडी | |
| ७७ | | खार्पुनाथ | उपाध्यक्ष | सिन्धु हमाल | |
| ७८ | | | नि.प्रमुख प्रशासकीय अधिकृत | दानबहादुर रावल | |
| ७९ | डोल्पा | ठुलीभेरी | उपप्रमुख | योगेन्द्रबहादुर शाही | |
| ८० | | | प्रमुख प्रशासकीय अधिकृत | लोकबहादुर राना | |
| ८१ | | त्रिपुरासुन्दरी | उपप्रमुख | चन्द्राकुमारी बुढा | |
| ८२ | | | ना.सु . | चन्द्रप्रकाश बुढथापा | |
| ८३ | | डोल्पोबुद्ध | नि.प्रमुख प्रशासकीय अधिकृत | ओखराम तारममगर | |
| ८४ | | शे-फोक्सुण्डो | उपाध्यक्ष | धावासन्डुक गुरुङ | |
| ८५ | | मुड्केचुला | उपाध्यक्ष | सुबिता रोकाय | |
| ८६ | | काईके | नि.प्रमुख प्रशासकीय अधिकृत | विष्णुबहादुर शाही | |
| ८७ | | छार्का तोङसोङ | नि.प्रमुख प्रशासकीय अधिकृत | मणिराज पौडेल | |
| ८८ | सल्यान | जि.स.स. | जि.स.स. प्रमुख | केशबहादुर विष्ट | |
| ८९ | | | जिल्ला समन्वय अधिकारी | निमबहादुर ओली | |
| ९० | | बागचौर | उपप्रमुख | कल्पना पुन | |
| ९१ | | | प्रमुख प्रशासकीय अधिकृत | जगत बस्नेत | |
| ९२ | | बनगाड कुपिण्डे | उपप्रमुख | मन्जु एरी | |
| ९३ | | | सहायक पाँचौं | भुपाल खड्का | |

| क्र.सं. | जिल्ला | स्थानीय तह/ जिल्ला स.स. | पद | नाम, थर | कैफियत |
|---|---|---|---|---|---|
| ९४ | | कालिमाटी | उपाध्यक्ष | सहनशीलता ओली | |
| ९५ | | | प्रमुख प्रशासकीय अधिकृत | मार्शल कु. ओली | |
| ९६ | | त्रिवेणी | उपाध्यक्ष | करुणा खड्का | |
| ९७ | | कपुरकोट | उपाध्यक्ष | तिला बुढा | |
| ९८ | | | प्रमुख प्रशासकीय अधिकृत | सुवाश रिजाल | |
| ९९ | | छत्रेश्वरी | उपाध्यक्ष | सीता के.सी. | |
| १०० | | | प्रमुख प्रशासकीय अधिकृत | डिल्ली खड्का | |
| १०१ | | ढोरचौर | उपाध्यक्ष | पुस्पाकुमारी बोहोरा | |
| १०२ | | | नि.प्रमुख प्रशासकीय अधिकृत | भीमलाल भण्डारी | |
| १०३ | | कुमाखमालिका | उपाध्यक्ष | डिल्लीराज जैसी | |
| १०४ | | | हे.अ. | केशरजंग बोहरा | |
| १०५ | | दार्मा | उपाध्यक्ष | टिका वली | |
| १०६ | रुकुम पश्चिम | जि.स.स. | जि.स.स. प्रमुख | राजकुमार शर्मा | |
| १०७ | | | जिल्ला समन्वय अधिकारी | तेजकुमार ओली | |
| १०८ | | मुसिकोट | कार्यपालिका सदस्य | जानकी खड्का | |
| १०९ | | | नि.प्रमुख प्रशासकीय अधिकृत | चम्फा परियाय | |
| ११० | | चौरजहारी | कार्यपालिका सदस्य | देवी खड्का | |
| १११ | | आठबीसकोट | उपप्रमुख | गीता नेपाली | |
| ११२ | | | खरिदार | मदनप्रकाश मल्ल | |
| ११३ | | त्रिवेणी | उपाध्यक्ष | निर्मला विष्ट | |
| ११४ | | | प्रमुख प्रशासकीय अधिकृत | दिपेन्द्र रावल | |
| ११५ | जाजरकोट | भेरी | उपप्रमुख | भावना भण्डारी | |
| ११६ | | | प्रमुख प्रशासकीय अधिकृत | सनत दवाडी | |
| ११७ | | छेडागाड | उपप्रमुख | सरिता वली | |
| ११८ | | नलगाड | उपप्रमुख | बालकुमारी बस्नेत | |

| क्र.सं. | जिल्ला | स्थानीय तह / जिल्ला स.स. | पद | नाम, थर | कैफियत |
|---|---|---|---|---|---|
| ११९ | | | ना.सु. | ठकेन्द्र गिरी | |
| १२० | | कुसे | उपाध्यक्ष | रामछाया शाही | |
| १२१ | | | नि.प्रमुख प्रशासकीय अधिकृत | उदयबहादुर थापा | |
| १२२ | | जुनिचाँदे | उपाध्यक्ष | शिवा आचार्य | |
| १२३ | | शिवालय | उपाध्यक्ष | कुमारी थापा | |
| १२४ | | | खरिदार | मानबहादुर सारु | |

## "उद्यमशिलता विकासका लागि कर्णाली सम्मेलन"मा उपस्थित अन्य सहभागीहरू तथा मन्त्रालयका कर्मचारीको नामावली

| सि.नं. | नाम,थर | पद | संस्थाको नाम |
|---|---|---|---|
| १ | रीता भण्डारी जोशी | निर्देशक | स्वास्थ्य सेवा निर्देशनालय, सुर्खेत |
| २ | विष्णुप्रसाद अधिकारी | उपसचिव | सामाजिक विकास मन्त्रालय, कर्णाली प्रदेश, सुर्खेत |
| ३ | दामोदर फुयल | उपसचिव | सामाजिक विकास मन्त्रालय, कर्णाली प्रदेश, सुर्खेत |
| ४ | राजु बस्नेत | उपसचिव | भूमी ब्यवस्था, कृषि तथा सहकारी मन्त्रालय, सुर्खेत |
| ५ | विश्वमणी जोशी | उप-सचिव | सामाजिक विकास मन्त्रालय, कर्णाली प्रदेश, सुर्खेत |
| ६ | धर्मजित शाही | तालिम प्रमुख | शिक्षा तालिम केन्द्र, सुर्खेत |
| ७ | बृषबहादुर शाही | ब.ज.स्वा. प्र. | सामाजिक विकास मन्त्रालय, कर्णाली प्रदेश, सुर्खेत |
| ८ | जमुना पौडेल | प्र.म.वि.अ. | सामाजिक विकास मन्त्रालय, कर्णाली प्रदेश, सुर्खेत |
| ९ | डा. यमप्रसाद शर्मा | मे. अ. | प्रदेश अस्पताल, सुर्खेत |
| १० | डा. दुर्गा थापा | मे. अ. | प्रदेश अस्पताल, सुर्खेत |
| ११ | डा. महेशकुमार खनाल | मे. अ. | सामाजिक विकास मन्त्रालय, कर्णाली प्रदेश, सुर्खेत |

| सि.नं. | नाम,थर | पद | संस्थाको नाम |
|---|---|---|---|
| १२ | डा. शंकरप्रसाद रिजाल | आयुर्वेद चिकित्सक | प्रदेश आयुर्वेद औषधालय, सुर्खेत |
| १३ | इन्द्रबहादुर थापा | शा. अ. | घरेलु तथा साना उद्योग मुख्य शा.का., सुर्खेत |
| १४ | मोहनबहादु कार्की | प्रमुख | CTEVT कर्णाली प्रदेश, कार्यालय, सुर्खेत |
| १५ | संगिता खड्का | शा. अ. | भूमी ब्यवस्था, कृषि तथा सहकारी मन्त्रालय, सुर्खेत |
| १६ | भीमबहादुर काकी | शा. अ. | भौतिक पूर्वाधार विकास मन्त्रालय, सुर्खेत |
| १७ | नगेन्द्र उपाध्याय | ब्यूरो प्रमुख | नागरिक दैनिक |
| १८ | चेतननिधी वाग्ले | ब. ज. स्वा.अ. | स्वास्थ्य निर्देशनालय, सुर्खेत |
| १९ | राजनप्रसाद आचार्य | अधिकृत | सामाजिक विकास मन्त्रालय, कर्णाली प्रदेश, सुर्खेत |
| २० | कुमारप्रसाद उपाध्याय | लेखा अधिकृत | सामाजिक विकास मन्त्रालय, कर्णाली प्रदेश, सुर्खेत |
| २१ | मणिराम खराल | शा.अ. | सामाजिक विकास मन्त्रालय, कर्णाली प्रदेश, सुर्खेत |
| २२ | सम्झना खड्का | अधिकृतस्तर छैठौं | स्वास्थ्य निर्देशनालय, सुर्खेत |
| २३ | विनोद आचार्य | त. अ. | स्वास्थ्य निर्देशनालय, सुर्खेत |
| २४ | श्यामकृष्ण आचार्य | शा. अ. | श्रम तथा रोजगार कार्यालय, सुर्खेत |
| २५ | सुवर्णकुमार खड्का | शा. अ. | सामाजिक विकास मन्त्रालय, कर्णाली प्रदेश, सुर्खेत |
| २६ | सुप्रिया सिलवाल | कानून अधिकृत | सामाजिक विकास मन्त्रालय, कर्णाली प्रदेश, सुर्खेत |
| २७ | रामबहादुर सारु | शाखा अधिकृत | सामाजिक विकास मन्त्रालय, कर्णाली प्रदेश, सुर्खेत |
| २८ | नारायणप्रसाद पौडेल | शा. अ. | सामाजिक विकास मन्त्रालय, कर्णाली प्रदेश, सुर्खेत |
| २९ | विनोदकुमार भण्डारी | ले. अ. | स्वास्थ्य आपूर्ति ब्यवस्थापन केन्द्र |
| ३० | गोकर्ण गिरी | ब. ज.स्वा. अ. | सामाजिक विकास मन्त्रालय, कर्णाली प्रदेश, सुर्खेत |

| सि.नं. | नाम,थर | पद | संस्थाको नाम |
|---|---|---|---|
| ३१ | अनिता ज्ञवाली | म. वि. अ. | सामाजिक विकास मन्त्रालय, कर्णाली प्रदेश, सुर्खेत |
| ३२ | शिवराम अधिकारी | नि. सचिव | उद्योग, पर्यटन, वन, तथा वातावरण मन्त्रालय, कर्णाली प्रदेश, सुर्खेत |
| ३३ | पदमबहादुर बुढा | शा. अ. | सामाजिक विकास मन्त्रालय, कर्णाली प्रदेश, सुर्खेत |
| ३४ | लिलाधर ववाल | शा. अ. | सामाजिक विकास मन्त्रालय, कर्णाली प्रदेश, सुर्खेत |
| ३५ | यशोदा शर्मा | अधिकृत छैठौं | सामाजिक विकास मन्त्रालय, कर्णाली प्रदेश, सुर्खेत |
| ३६ | पूर्णप्रसाद उपाध्याय | शा. अ. | स्वास्थ्य आपूर्ति ब्यवस्थापन केन्द्र, सुर्खेत |
| ३७ | खगेन्द्रप्रकाश गैरे | अधिकृत सातौं | सामाजिक विकास मन्त्रालय, कर्णाली प्रदेश, सुर्खेत |
| ३८ | रत्ना पौडेल | अधिकृत छैठौं | मुख्य मन्त्री तथा मन्त्रीपरिषदको कार्यालय, कर्णाली प्रदेश, सुर्खेत |
| ३९ | ओमप्रकाश जोशी | ज. स्वा. अ. | सामाजिक विकास मन्त्रालय, कर्णाली प्रदेश, सुर्खेत |
| ४० | टिकाराम जैसी | ज. स्वा. अ. | स्वास्थ्य निर्देशनालय, सुर्खेत |
| ४१ | रेश्मा वि.सी. | शा. अ. | सामाजिक विकास मन्त्रालय, कर्णाली प्रदेश, सुर्खेत |
| ४२ | शेरबहादुर रोकाया | शा. अ. | उद्योग, वन तथा पर्यटन मन्त्रालय, कर्णाली प्रदेश, सुर्खेत |
| ४३ | अर्जुन शाही | शा. अ. | शिक्षा विकास निर्देशनालय |
| ४४ | ज्ञानुलक्ष्मी चौलागाई | शा. अ. | प्रदेश प्रमुख कार्यालय, सुर्खेत |
| ४५ | विनोदबहादुर माझी | शा. अ. | आर्थिक मामिला तथा योजना मन्त्रालय, सुर्खेत |
| ४६ | दानबहादुर गुरुङ्ग | शा. अ. | सामाजिक विकास मन्त्रालय, कर्णाली प्रदेश, सुर्खेत |
| ४७ | लालबहादुर खत्री | अधिकृत छैठौं | मुख्यमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालय, सुर्खेत |
| ४८ | कमल रावत | हे. अ. | प्रदेश अस्पताल, सुर्खेत |

| सि.नं. | नाम,थर | पद | संस्थाको नाम |
|---|---|---|---|
| ४९ | डिल्लीराम सापकोटा | सि.अ.हे.व. | सामाजिक विकास मन्त्रालय, कर्णाली प्रदेश, सुर्खेत |
| ५० | रीता भारती | सि.अ.न.मी. | प्रा.स्वा.के. सालकोट |
| ५१ | इश्वरी पौडेल | क.न.अ. | सामाजिक विकास मन्त्रालय, कर्णाली प्रदेश, सुर्खेत |
| ५२ | पुष्पा वली | न.अ. | सामाजिक विकास मन्त्रालय, कर्णाली प्रदेश, सुर्खेत |
| ५३ | मानकुमारी गुरुङ | क.न.अ. | स्वास्थ्य निर्देशनालय, सुर्खेत |
| ५४ | सुशिल शाही | हे.अ. | सामाजिक विकास मन्त्रालय, कर्णाली प्रदेश, सुर्खेत |
| ५५ | निर्मला पाठक | सि.अ.हे.व. | स्वास्थ्य निर्देशनालय, सुर्खेत |
| ५६ | जनकबहादुर हमाल | महामन्त्री | पतञ्जली योग समिति, कर्णाली प्रदेश सुर्खेत |
| ५७ | नारायण चौलागाई | नि. केन्द्र प्रमुख | सीप विकास तालिम केन्द्र, जुम्ला |
| ५८ | हिमा उपाध्याय | केन्द्रीय उपाध्यक्ष | नेपाल मुद्रण उ. महासंघ |
| ५९ | प्रकाश अधिकारी | प्रतिनिधि | राष्ट्रिय समाचार समिति |
| ६० | यज्ञ खत्री | प्रतिनिधि | सुनगाभा टेलिभिजन, सुर्खेत |
| ६१ | लक्ष्यबहादुर सुनार | सम्वाददाता | सिद्धेदर्शन दैनिक |
| ६२ | तिलक पौडेयल | सम्वाददाता | टि. भी. टुडे |
| ६३ | हेमराज के.सी. | प्रा. स. | वी.न. न.पा. |
| ६४ | डेभिड डि.सी. | प्रा.स. | कालिमाटी गाउँपालिका |
| ६५ | पूर्णबहादुर खड्का | सम्वाददाता | युग आव्हान |
| ६६ | हृदय रिमाल | सम्वाददाता | रेडियो प्रदेश |
| ६७ | मानबहादुर वली | सम्वाददाता | इमेज च्यानल |
| ६८ | सुशिल खड्का | सम्वाददाता | नेपाल टेलिभिजन |
| ६९ | रेवतीरमन न्यौपाने | सम्वाददाता | AP1 टेलिभिजन |
| ७० | कविता रेग्मी | फि. सुपरभाइजर | स्याक नेपाल, सुआहारा कार्यक्रम |
| ७१ | जयप्रसाद आचार्य | ना. सु. | सामाजिक विकास मन्त्रालय, कर्णाली प्रदेश, सुर्खेत |
| ७२ | भागवतप्रसाद रिजाल | प्रा. स. | सामाजिक विकास मन्त्रालय, कर्णाली प्रदेश, सुर्खेत |
| ७३ | मदन तिवारी | M D | Nilcos Business Locsvitiy Pvt. Ltd. |

| सि.नं. | नाम,थर | पद | संस्थाको नाम |
|---|---|---|---|
| ७४ | भलाराम पंगाली | ना. सु. | सामाजिक विकास मन्त्रालय, कर्णाली प्रदेश, सुर्खेत |
| ७५ | कृष्णा नेपाली | द.म. सदस्य | चौ. न. पा.-३, |
| ७६ | परसबहादुर सेजुवाल | सहायकस्तर पाँचौं | सामाजिक विकास मन्त्रालय, कर्णाली प्रदेश, सुर्खेत |
| ७७ | सुरेश बुढाथोकी | स्वकीय सचिव | पर्यटन मन्त्रालय |
| ७८ | मान कु. गुरुङ्ग | व.क.न.अ. | स्वास्थ्य निर्देशनालय, सुर्खेत |
| ७९ | लक्ष्मी भण्डारी | संवाददाता | रा. स. स. |
| ८० | बेलमता बस्नेत | क. अ. | सामाजिक विकास मन्त्रालय, कर्णाली प्रदेश, सुर्खेत |
| ८१ | टिकाराम आचार्य | हे.अ. | प्रदेश अस्पताल, सुर्खेत |
| ८२ | ओमराज आचार्य | ल्या.टे. अधिकृत | प्रदेश जनस्वास्थ्य प्रयोगशाला, सुर्खेत |
| ८३ | हरि रावल | प्रशिक्षक | शिक्षा तालिम केन्द्र, सुर्खेत |
| ८४ | सुमन शाही | स्वकीय सचिव | मुख्य मन्त्री तथा मन्त्रीपरिषदको कार्यालय, कर्णाली प्रदेश, सुर्खेत |
| ८५ | चंख विश्वकर्मा | स्वकीय सचिव | भूमि ब्यवस्था, कृषि तथा सहकारी मन्त्रालय, कर्णाली प्रदेश, सुर्खेत |
| ८६ | धर्मराज पाठक | सि.अ.हे.व. | स्वास्थ्य निर्देशनालय, सुर्खेत |
| ८७ | रिता वाग्ले | ना. सु. | सामाजिक विकास मन्त्रालय, कर्णाली प्रदेश, सुर्खेत |
| ८८ | सन्तोष वि.सी. | स्वकीय सचिव | आर्थिक मामिला तथा योजना मन्त्रालय, सुर्खेत |
| ८९ | निर्मला रेग्मी | ना. सु. | श्रम तथा रोजगार कार्यक्रम |
| ९० | रेशमबहादुर खत्री | प्रा. स. | सामाजिक विकास मन्त्रालय, कर्णाली प्रदेश, सुर्खेत |
| ९१ | पदमा अधिकारी | क. अ. | सामाजिक विकास मन्त्रालय, कर्णाली प्रदेश, सुर्खेत |
| ९२ | नन्दबहादुर रोकाय | स्वकीय सचिव | सामाजिक विकास मन्त्रालय, कर्णाली प्रदेश, सुर्खेत |
| ९३ | चन्द्रा आचार्य | प.हे.न. | सामाजिक विकास मन्त्रालय, कर्णाली प्रदेश, सुर्खेत |

| सि.नं. | नाम,थर | पद | संस्थाको नाम |
|---|---|---|---|
| ९४ | भुपेन्द्र शर्मा | अ.हे.व. | स्वास्थ्य विमा वोर्ड |
| ९५ | धर्मराज अधिकारी | ल्या.अ. | जनस्वास्थ्य प्रयोगशाला, सुर्खेत |
| ९६ | भुपेन्द्र भण्डारी | ल्या.टे. | जनस्वास्थ्य प्रयोगशाला, सुर्खेत |
| ९७ | प्रतिक्षा रावल | फा. सु. | प्रा.स्वा.के. सालकोट |
| ९८ | सन्ध्या आचार्य | सदस्य | पतञ्जली योग समिति,<br>कर्णाली प्रदेश सुर्खेत |
| ९९ | डम्बरबहादुर रोकाय | CRRP | केन्द्रीय वाल कल्याण समिति |
| १०० | नरेश श्रेष्ठ | FPO | स्वास्थ्य कार्यालय सुर्खेत |
| १०१ | विष्णु सापकोटा | रिपोर्टर | रेडियो सुर्खेत |
| १०२ | जगत दल | रिपोर्टर | हाम्रो अखबार |
| १०३ | प्रेमप्रकाश चपाई | ल्या.अ. | स्वास्थ्य कार्यालय, सुर्खेत |
| १०४ | तारा शाही | C N V | स्याक नेपाल, सुआहारा कार्यक्रम |
| १०५ | विमलाकुमारी वि.क. | म. वि. नि. | सामाजिक विकास मन्त्रालय,<br>कर्णाली प्रदेश, सुर्खेत |
| १०६ | चक्रबहादुर खड्का | खो. अ. | सामाजिक विकास मन्त्रालय,<br>कर्णाली प्रदेश, सुर्खेत |
| १०७ | प्रभा भण्डारी | खरिदार | सामाजिक विकास मन्त्रालय,<br>कर्णाली प्रदेश, सुर्खेत |
| १०८ | काशीराम चौधरी | PSO | पर्यटन मन्त्रालय |
| १०९ | यमबहादुर राणा | PSO | भूमि ब्यवस्था, कृषि तथा सहकारी<br>मन्त्रालय, कर्णाली प्रदेश, सुर्खेत |
| ११० | प्रविन्ता कुमारी बस्नेत | म. वि. नि. | सामाजिक विकास मन्त्रालय,<br>कर्णाली प्रदेश, सुर्खेत |
| १११ | अप्सरा विष्ट | पत्रकार | प्राइम टाइम्स टि.भी./जागरण एफ.एम. |
| ११२ | लोकबहादुर गौतम | स.ले.पा. | सामाजिक विकास मन्त्रालय,<br>कर्णाली प्रदेश, सुर्खेत |
| ११३ | मानबहादुर चौधरी | स.ले.पा. | आन्तरिक मामिला तथा कानून<br>मन्त्रालय, सुर्खेत |

# <u>अनुसूची - ४</u>

# समूह छलफलका लागि समूह विभाजन तथा सहजकर्ता

## समूह -१

| जिल्ला | क्र. सं. | जि.स.स./ पालिका | भौगोलिक क्षेत्र | संयोजक | सहजकर्ता |
|---|---|---|---|---|---|
| डोल्पा | १ | जिल्ला समन्वय समिति | हिमाली | जि.स.स. प्रमुख शेरबहादुर बुढा | निर्देशक श्री रीता भण्डारी जोशी |
| | २ | ठूलीभेरी नगरपालिका | हिमाली | | |
| | ३ | त्रिपुरासुन्दरी नगरपालिका | हिमाली | | |
| | ४ | काईके गाउँपालिका | हिमाली | | |
| | ५ | छार्कातोङसोङ गाउँपालिका | हिमाली | | |
| | ६ | जगदुल्ला गाउँपालिका | हिमाली | | |
| | ७ | डोल्पोबुद्ध गाउँपालिका | हिमाली | | |
| | ८ | मुड्केचुला गाउँपालिका | हिमाली | | |
| | ९ | शेफोक्सुन्डो गाउँपालिका | हिमाली | | |
| मुगु | 10 | छायाँनाथरारा नगरपालिका | हिमाली | | |

## समूह- २

| | | | | | |
|---|---|---|---|---|---|
| मुगु | १ | जिल्ला समन्वय समिति | हिमाली | जि.स.स. प्रमुख लालबहादुर सार्की, जुम्ला | उपसचिव श्री विष्णुप्रसाद अधिकारी<br><br>शा.अ. हरिबहादुर रावल |
| | २ | खत्याड गाउँपालिका | हिमाली | | |
| | ३ | मुगुमकार्मारोंग गाउँपालिका | हिमाली | | |
| | ४ | सोरु गाउँपालिका | हिमाली | | |
| जुम्ला | ५ | जिल्ला समन्वय समिति | हिमाली | | |
| | ६ | चन्दननाथ नगरपालिका | हिमाली | | |
| | ७ | कनकासुन्दरी गाउँपालिका | हिमाली | | |
| | ८ | गुठिचौर गाउँपालिका | हिमाली | | |
| | ९ | तातोपानी गाउँपालिका | हिमाली | | |
| | १० | तिला गाउँपालिका | हिमाली | | |
| | ११ | पातारासी गाउँपालिका | हिमाली | | |

## समूह -३

| | | | | | |
|---|---|---|---|---|---|
| जुम्ला | १ | सिंजा गाउँपालिका | हिमाली | जि.स.स. प्रमुख अनिपाल शाही , कालिकोट | उपसचिव श्री वृषबहादुर शाही |
| | २ | हिमा गाउँपालिका | हिमाली | | |
| कालिकोट | | जिल्ला समन्वय समिति | हिमाली | | |
| | ३ | खाँडाचक्र नगरपालिका | हिमाली | | |
| | ४ | तिलागुफा नगरपालिका | हिमाली | | |
| | ५ | रास्कोट नगरपालिका | हिमाली | | |
| | ६ | शुभकालिका गाउँपालिका | हिमाली | | |
| | ७ | नरहरिनाथ गाउँपालिका | हिमाली | | |
| | ८ | पचालझरना गाउँपलिका | हिमाली | | |
| | ९ | पलाता गाउँपालिका | हिमाली | | |

## समूह -४

| | | | | | |
|---|---|---|---|---|---|
| कालिकोट | १ | महावै गाउँपालिका | हिमाली | जि.स.स. उपप्रमुख कर्णशिला मल्ल, मुगु | उपसचिव श्री जमुना पौडेल |
| | २ | सान्नीत्रिवेणी गाउँपालिका | हिमाली | | |
| हुम्ला | ३ | जिल्ला समन्वय समिति | हिमाली | | |
| | ४ | अदानचुली गाउँपालिका | हिमाली | | |
| | ५ | खार्पुनाथ गाउँपालिका | हिमाली | | |
| | ६ | चङ्केली गाउँपालिका | हिमाली | | |
| | ७ | ताँजाकोट गाउँपालिका | हिमाली | | |
| | ८ | नाम्खा गाउँपालिका | हिमाली | | |
| | ९ | सर्केगाड गाउँपालिका | हिमाली | | |
| | १० | सिमकोट गाउँपालिका | हिमाली | | |

## समूह -५

| | | | | | |
|---|---|---|---|---|---|
| रुकुम पश्चिम | १ | जिल्ला समन्वय समिति | उच्चपहाडी | जि.स.स. प्रमुख राजकुमार शर्मा, रुकुम पश्चिम | |
| | २ | आठबिसकोट नगरपालिका | उच्चपहाडी | | उपसचिव श्री दामोदरफुयल |
| | ३ | चौरजहारी नगरपालिका | उच्चपहाडी | | |
| | ४ | मुसिकोट नगरपालिका | उच्चपहाडी | | |

| | | | | | |
|---|---|---|---|---|---|
| | ५ | त्रिवेणी गाउँपालिका | उच्चपहाडी | | |
| | ६ | बाँफिकोट गाउँपालिका | उच्चपहाडी | | |
| | ७ | सानीभेरी गाउँपालिका | उच्चपहाडी | | |
| जाजरकोट | ८ | जिल्ला समन्वय समिति | उच्चपहाडी | | |
| | ९ | छेडागाड नगरपालिका | उच्चपहाडी | | |
| | १० | त्रिवेणीनलगाड नगरपालिका | उच्चपहाडी | | |
| | ११ | भेरी नगरपालिका | उच्चपहाडी | | |
| | १२ | कुसे गाउँपालिका | उच्चपहाडी | | |
| | १३ | जुनीचाँदे गाउँपालिका | उच्चपहाडी | | |
| | १४ | बारेकोट गाउँपालिका | उच्चपहाडी | | |
| | १५ | शिवालय गाउँपालिका | उच्चपहाडी | | |

## समूह -६

| | | | | | |
|---|---|---|---|---|---|
| सल्यान | १ | जिल्ला समन्वय समिति | पहाडी | जि.स.स.प्रमुख केशवबहादुर विष्ट, सल्यान | उपसचिव श्री विश्वमणि जोशी<br><br>अधिकृत राजनप्रसाद आचार्य |
| सल्यान | २ | बागचौर नगरपालिका | पहाडी | | |
| सल्यान | ३ | बनगाँडकुविण्डे नगरपालिका | पहाडी | | |
| सल्यान | ४ | शारदा नगरपालिका | पहाडी | | |
| सल्यान | ५ | कपुरकोट गाउँपालिका | पहाडी | | |
| सल्यान | ६ | कालिमाटी गाउँपालिका | पहाडी | | |
| सल्यान | ७ | कुमाखमालिका गाउँपालिका | पहाडी | | |
| सल्यान | ८ | छत्रेश्वरी गाउँपालिका | पहाडी | | |
| सल्यान | ९ | ढोरचौर गाउँपालिका | पहाडी | | |
| सल्यान | १० | त्रिवेणी गाउँपालिका | पहाडी | | |
| सल्यान | ११ | दार्मा गाउँपालिका | पहाडी | | |

## समूह -७

| | | | | | |
|---|---|---|---|---|---|
| दैलेख | १ | जिल्ला समन्वय समिति | पहाडी | जि.स.स. प्रमुख प्रेमबहादुर थापा दैलेख | उपसचिव श्री धर्मजीत शाही |
| | २ | आठबीस नगरपालिका | पहाडी | | |
| | ३ | चामुण्डाबिन्द्रासैनी नगरपालिका | पहाडी | | |
| | ४ | दुल्लु नगरपालिका | पहाडी | | |
| | ५ | नारायण नगरपालिका | पहाडी | | |
| | ६ | गुराँस गाउँपालिका | पहाडी | | |

| | | | | | |
|---|---|---|---|---|---|
| | ७ | ठाँटीकाँध गाउँपालिका | पहाडी | | |
| | ८ | डुङ्गेश्वर गाउँपालिका | पहाडी | | |
| | ९ | नौमुले गाउँपालिका | पहाडी | | |
| | १० | भगवतीमाई गाउँपालिका | पहाडी | | |
| | ११ | भैरवी गाउँपालिका | पहाडी | | |

## समूह -८

| | | | | | |
|---|---|---|---|---|---|
| दैलेख | १ | महाबु गाउँपालिका | पहाडी | जि.स.स.प्रमुख छविलाल सिंग्देल, सुर्खेत | उपसचिव श्री राजुबस्नेत<br>मोहनबहादुर कार्की |
| सुर्खेत | २ | जिल्ला समन्वय समिति | | | |
| | ३ | गुर्भाकोट नगरपालिका | पहाडी | | |
| | ४ | पञ्चपुरी नगरपालिका | पहाडी | | |
| | ५ | भेरीगङ्गा नगरपालिका | पहाडी | | |
| | ६ | लेकबेसी नगरपालिका | पहाडी | | |
| | ७ | वीरेन्द्रनगर नगरपालिका | पहाडी | | |
| | ८ | चिङ्गाड गाउँपालिका | पहाडी | | |
| | ९ | चौकुने गाउँपालिका | पहाडी | | |
| | १० | बराहताल गाउँपालिका | पहाडी | | |
| | ११ | सिम्ता गाउँपालिका | पहाडी | | |

# अनुसूची-५

# विज्ञहरुले प्रस्तुत गर्नुभएका कार्यपत्र तथा प्रस्तुतीकरण


## (क) प्रदेशमा रोजगारीको अवस्थाः अवसर र चुनौतीहरु

*डा. मान बहादुर बीके*
*सचिव, सामाजिक विकास मन्त्रालय,*
*कर्णाली प्रदेश*

### हालको अवस्था

नेपालको संविधानले संघीय ढाँचामा राज्य शासन प्रणालीको व्यवस्थापन गरेपछि सातवटा प्रदेशमध्ये सबैभन्दा पछाडि परेको प्रदेशको रुपमा कर्णाली प्रदेश रहेको छ ।३१,८७३ वर्ग कि.मी. क्षेत्रफलमा फैलिएको कर्णालीको अधिकांश हिस्सा उच्चपहाडी र हिमाली भू-धरातल रहेको छ । जम्मा १८ प्रतिशत मात्र खेतीयोग्य जमिन रहेको यो प्रदेशमा त्यसको ७५.५ प्रतिशत जमिनमा खेती गरिन्छ तर बिडम्वना यस्तो खेती पनि अधिकांश आकाशे पानीको भरमा गर्नुपर्छ किनकि खेती गरिएको भूमिमा पनि २३ प्रतिशतमा मात्रै सिँचाई सुबिधा पुग्न सकेको छ ।


**चित्र,१**-कर्णालीको अवस्था




साभारः कान्तिपुर पौष १६, २०७५

७४ प्रतिशत घरधुरीको जीवनयापनका मुख्य आधार नै खेतीपाती भएको यो प्रदेशमा अन्य क्षेत्रको अवस्था झनै नाजुक छ । निश्चित ठाउँहरुमा मौसमी रुपमा संकलन गरिने जडिबुटीबाहेक जीवनयापनको मुख्य आधार भारतका कालापहाडमा मजदुरी गर्नु, सिम्लाका स्याउ बँगैचामा काम गर्ने र विभिन्न ठाउँमा मौसमी श्रमिकको रुपमा काम गर्नु रहेको छ । एक तथ्याङ्क अनुसार कर्णालीका ८५ प्रतिशत घरधुरीका व्यक्ति रोजगारीका लागि बाहिरिएका छन् । उनीहरुको मुख्य गन्तव्य भारत नै हो । उक्त तथ्याङ्कमध्ये करिब ५० प्रतिशत भारत नै जान्छन् भने करिब ३७ प्रतिशत देशभित्रै विभिन्न शहरमा काम गर्छन् । मौसमी बसाइसराई हिमाली भेगका जनताको बाध्यता पनि हो । प्रायः चिसो याममा हिमाली भेगका बासिन्दाहरु केही महिनाको लागि सुर्खेत, बाँके, काठमाण्डौं र देशका विभिन्न भागमा जाने गर्दछन् । भारत बाहेकको वैदेशिक रोजगारमा यहाँका युवाहरुको पहुँच पुग्न सकेको छैन । तसर्थ यहाँका जीवनयापनको मुख्य आधार अमर्यादित, अव्यवस्थित र असुरक्षित आप्रवासन नै रहेको छ ।

**चित्र -२**



यहाँको भू-बनोट मात्रै हैन जनसांख्यिकीय बनोट पनि भिन्न छ । २०६८ को जनगणना अनुसार कर्णालीको जनसंख्या १५ लाख ७० हजार ४ सय १८ रहेको छ जसमध्ये करिब ५२.५ प्रतिशत हिस्सा बालबालिकाको रहेको छ । यसमा लैङ्गिक अनुपात ५१.१% रहेको छ भने सबैभन्दा धेरै (४२%) क्षेत्री र ८ प्रतिशत ब्राह्मण छन् भने बाँकी सीमान्तकृत समुदायहरु (जनजाति र दलित) रहेका छन् । हाल यहाँको जनसंख्या १७ लाख पुगेको प्रक्षेपण गरिएको छ । यो जनसंख्यामध्ये करिब ४१.४% जनसंख्या आर्थिक रुपले सक्रिय छन् । यही जनसंख्या बाहिर गएर काम गरेर पठाएको विप्रेषणले कर्णालीको अधिकांश जीवन धानिएको छ । त्यसैले देशको प्रतिव्यक्ति आय (अमेरिकी डलरमा) १००४ हुँदा कर्णालीको जम्मा ६७७ रहेको छ । हालै कृषि मन्त्रालयले गरेको एक सर्भेक्षणमा २८ प्रतिशत जनसंख्या त खाद्य जोखिममा रहेका छन् । त्यसमध्ये पनि ७ प्रतिशत कर्णालीबासी त हप्ताको एक दिन भोकै बस्नु पर्ने बाध्यात्मक अवस्था छ । प्रदेशमा वार्षिक रुपमा १६७६० मे.ट. आधारभूत खाद्यान्न अपर्याप्त रहेको छ । अझै पनि करिब आधा घरधुरीमा शौचालय छैन भने ६६ प्रतिशत घरधुरीमा खानेपानीको सामान्य पहुँच पुगेको छ । तसर्थ कुपोषणका कारणले गर्दा पुड्कोपनको दर पनि सबै प्रदेशमा भन्दा यहाँ बढी ५४.४% रहेको छ । यसले गर्दा यहाँको गरिबीको रेखामुनिको जनसंख्या त उच्च (३९.८%) छ नै आधाभन्दा बढी जनसंख्या (५१.२%) बहुआयामिक गरिबीको चपेटामा छन् । कमाईबाट खाना पुग्न मुश्किल भएको अवस्थामा शिक्षा, स्वास्थ्य तथा मानवीय विकासका अन्य क्षेत्रमा लगानी हुन नसक्नु स्वभाविकै हो । सरकारी पक्षबाट पनि यो क्षेत्र पहिलेदेखि सीमान्तकृत रहेकोले आशातित रुपमा सरकारी लगानी हुन सकेन जसले गर्दा देशको मानव विकास सूचकाङ्क ०.४९

हुँदा यहाँको सूचाङ्कक सबैभन्दा कम ०.४१२ रहन गयो । अझ यसलाई जिल्लागत विश्लेषण गर्दा दशवटा जिल्लामा सबैभन्दा कम कालिकोट ०.३७४ रहेको छ भने सबैभन्दा बढी सुर्खेत ०.४७६ रहेको छ ।

**तालिका –१, कर्णाली प्रदेशको मानव विकास सूचाङ्क**

| क्र. स. | जिल्ला | मानव विकास सुचाङ्कक | नवशिशु मृत्युदर | साक्षरता दर | सरदर आयु | शौचालय सुविधा प्राप्त | खानेपानीको सुधारिएको स्रोत |
|---|---|---|---|---|---|---|---|
| १ | सुर्खेत | ०.४७६ | ४४.०७ | ७४ | ६७.२८ | ७१.२ | ६६.६ |
| २. | दैलेख | ०.४२२ | ३३.८ | ६३.६ | ६८.०३ | ४८.७ | ५४.२ |
| ३. | जाजरकोट | ०.३९३ | ५७.४३ | ५८.७ | ६६.४५ | ४३.६ | ५६.७ |
| ४. | डोल्पा | ०.४०१ | ७२.६६ | ५४.७ | ६१.२० | ५०.५ | ६५.१ |
| ५. | जुम्ला | ०.४०९ | ५३.११ | ५५.६ | ६३.१४ | ६९.१ | ८०.६ |
| ६. | कालिकोट | ०.३७४ | ५७.४७ | ५८ | ६३.६४ | ५६.५ | ५९.४ |
| ७. | मुगु | ०.३९७ | २८.६७ | ५२.२ | ६५.५७ | ४७.८ | ७६.४ |
| ८. | हुम्ला | ०.३७६ | ५१.७३ | ४८.७ | ६४.१५ | ५०.१ | ७०.१ |
| ९. | रुकुम | ०.४३१ | २७.५७ | ६२.८ | ६८.३९ | ३४.५ | ७४.३ |
| १०. | सल्यान | ०.४४१ | ४७.६ | ६५.३ | ६८.८० | २८.६ | ६०.८ |
| | | ०.४१२ | ४७.४११ | ५९.३६ | ६५.६६५ | ५०.०६ | ६६.४२ |

*Source: Federal Nepal: The Provinces, 2018 by Governance Facility*

राष्ट्रिय आर्थिक गणना अनुसार देशभर रहेका ९,२२,४४५ वटा व्यवसायिक/आर्थिक एकाई (प्रतिष्ठान) मध्ये कर्णालीमा सबैभन्दा कम ४२,८१७ (४.६ %) रहेको छ । यसमध्ये अधिकांश साना तथा घरेलु प्रकृतिका रहेका छन् । प्रदेशको जनसंख्यासँग तुलना गर्दा यो संख्या प्रति एक हजारका लागि २४ वटा प्रतिष्ठान पर्दछन् । यी प्रतिष्ठानहरुले जम्मा १,३२,४२५ जनालाई रोजगारी दिएको आर्थिक गणनाले देखाएको छ जुन सक्रिय जनसंख्याको सारै सानो हिस्सा हो ।

यसरी एकातिर रोजगार प्रदान गर्ने प्रतिष्ठानहरु सारै कम छन् भने अर्कोतिर स्वरोजगारी सृजना गर्नका लागि अवसर र वित्तीय पहुँचको अवस्था पनि सारै न्यून छ । यो प्रदेशमा कूल बैङ्कका एकाईहरुमध्ये मात्र ३ प्रतिशत मात्र रहेका छन् ती पनि सुर्खेत, जुम्ला र सदरमुकाममा केन्द्रित रहेका छन् । उच्च पहाड र हिमाली भेगमा छरिएर रहेका पातला बस्तीका कारण सहकारी, लघुवित्त, बचत/ऋण समूह जस्ता सामुदायिक बैङ्किग अभ्यास पनि त्यति हुन सकेको छैन ।

## अब के गर्ने:

तथापि कर्णाली प्रदेश आफैमा प्राकृतिक सम्पदाले धनी प्रदेश हो । प्रदेशभित्र उपलब्ध जलश्रोत, जडिबुटी, जङ्गल र पर्यटकीय स्थलको प्रवर्द्धन र उत्पादनशील व्यवस्थापन गर्न सके प्रदेशको कायापलट हुन बेर लाग्दैन । देशको शासन प्रणाली संघीय संरचनामा गइसकेपछि अब शासन प्रणालीलाई दोष दिने ठाउँ छैन । प्राकृतिक, भौगोलिक, जनसाँख्यिक तथा आर्थिक विषमतामा लामो समय गुज्रिएको यो प्रदेशलाई समृद्ध बनाउन चुनौतिपूर्ण भएता पनि असम्भव छैन । त्यसको लागि शासन प्रणालीलाई पनि परम्परागत शैलीबाट उठाएर आम जनहितकारी र उत्पादनशील बनाइनु आवश्यक छ । यसका लागि स्थानीय तह र प्रदेश सरकारले रणनीतिक प्राथिमिक तहका क्षेत्रहरु पहिचान गरी सरकारी, गैरसरकारी र नीजि क्षेत्र समन्वयात्मक ढंगले अघि बढ्न सके समृद्ध कर्णाली सम्भव छ । यसका केही रणनीतिक क्षेत्रहरु निम्न हुन सक्छन् ।

(१) ***रोजगारी सृजना र उत्पादनशील लगानी:*** प्रदेशको पहिलो रणनीतिक प्राथमिकता सामान्य जीवनयापनका लागि कालापहाड गएर कुल्ली बन्नु पर्ने युवाहरुको अवस्थालाई स्थानीय तहमै रोजगारी गर्न सक्ने कसरी बनाउने भन्ने नै हो । त्यसको लागि

सीमित लगानीलाई रोजगारी सृजना हुने उत्पादनशील प्राथमिक क्षेत्रमा मूल प्रवाहीकरण गर्नु जरुरी छ । यो प्रदेशमा त्यस्ता क्षेत्रहरु मूलतः निम्न हुन सक्छन;

(क) कृषि (ख) जडिबुटी
(ग) पर्यटन (घ) जलविद्युत
(ङ) सेवा

उपरोक्त क्षेत्रहरुमा कृषि यहाँको परम्परागत पेशा भएकोले यही क्षेत्रलाई नै अघि बढाउनु उपयुक्त हुन्छ । कृषिका केही उत्पादनहरु प्रसिद्ध पनि छन् जस्तै मार्सी चामल, जुम्ली सिमी, च्याउ, ओखर, टिमुर आदि । यी उत्पादनहरु प्राङ्गारिक रुपमै उत्पादन हुने हुँदा उच्च मूल्य कृषि उत्पादन (High Value Product) का रुपमा विकास गर्न सकिन्छ । त्यस्तै यार्सागुम्वा लगायतका उच्च मूल्य जडिबुटीको यो प्रदेश खानी नै हो । तर त्यसको संरक्षण, व्यवस्थापन र सही बजारीकरण हुन सकेको छैन न त प्रशोधन केन्द्रहरु नै छन् । तसर्थ यस्ता उत्पादनहरुको मूल्य श्रृङ्खला (Value Chain) बढाई कर्णाली ब्राण्डबाट राष्ट्रिय तथा अन्तर्राष्ट्रिय बजारमा पुऱ्याउन सके यो नै सबैभन्दा ठूलो हरित रोजगार (Green Job) को प्राथमिक क्षेत्र बन्न सक्छ ।

*(२)* ***बस्ती व्यवस्थापनः*** यो प्रदेशको भू-धरातल र त्यसमा फैलिएर रहेको पातला परम्परागत बस्तीलाई यथावत राखेर गरिने विकास र सम्वृद्धि असम्भव प्रायः छ । यस्तो अवस्थामा आधारभूत सेवा पुऱ्याउनको लागि खर्च बीस गुनासम्म लाग्ने अनुमान गरिन्छ । त्यो मात्रै हैन त्यसको लागत प्रभावकारीता नकारात्मक देखिन्छ।

तसर्थ अब पनि आठदश घरपरिवारका लागि डाडैं कटाएर बाटो, बिजुली, पानी, विद्यालय जस्ता आधारभूत सेवा पुऱ्याउने कार्य बन्द गरी त्यस्ता बस्तीहरुलाई प्रकोप समेतको विचार गरी एकीकृत बस्तीको विकास गर्नु आवश्यक छ । त्यसका लागि भू-उपयोग नीति तर्जुमा गरी जग्गा प्रतिस्थापन अवधारणा अवलम्बन गर्न सकिन्छ । सरकारले आफै वा सार्वजनिक निजी साझेदारी अन्तर्गत निर्माण स्वामित्व संचालन हस्तान्तरण (BOOT) विधि पनि अवलम्बन गर्न सकिन्छ । यसबाट एकीकृत बस्ती बस्ने ठाउँमा बजारको स्थापना भई स्थानीय रोजगारी सृजना हुन सक्छ भने नजिकको जग्गामा उच्च मूल्य कृषि उत्पादन तथा वन क्षेत्रमा समेत उच्च मूल्य उत्पादन गरेर आर्थिक विकास गर्न सकिन्छ । यस्ता वस्तीहरु सेवा उद्योगको हव बन्न सक्छ । दुर्गम पहाड र हिमालहरुमा जडिबुटी खेती तथा साहसिक पर्यटनमार्फत आर्थिक समृद्धिको आधार बनाउन सकिन्छ ।

(३) ***चुस्त प्रशासनिक संरचनाः*** प्रदेशले डिजिटल कर्णालीको अवधारणा अघि सारिसकेको छ । तर प्रदेशमा हुने प्रशासनिक संरचना-हरुको निर्माण हुने क्रम हेर्दा केन्द्रीकृत प्रणालीमा जस्तो केन्द्रमा रहेका जस्तै संरचनाहरु निर्माण गर्ने प्रवृत्तिको पुनरावृत्ति भई भद्दा संरचनाहरु स्थापना हुने हुन् कि भन्ने आशंका देखिन्छ । पछिल्लो समय आलङ्कारी निकाय स्थापना गर्ने तथा अनुत्पादक उत्सवजन्य कार्यक्रममा बढी समय विताउने प्रचलन बढ्दो छ । यो प्रदेशको चालु भन्सार बिन्दु नभएकोले देशको कुल राजस्व उठतीको एक प्रतिशत पनि राजस्व उठाउन सक्ने स्थिति छैन भने त्यो तत्काल बढ्ने अवस्था पनि छैन । तसर्थ ६ अरबभन्दा पनि कम राजस्व हिस्सा रहेको प्रदेशले आफ्ना कर्मचारीको तलब भत्ता लगायतको खर्च त यही राजस्वबाट बेहोर्नु पर्ने हुन्छ भने

त्यसको अलावा गठन आदेश र विभिन्न कानून मार्फत दीर्घकालीन व्यय भार थपिने संरचनाहरु निर्माण गरी बजेटको ठूलो हिस्सा प्रशासनिक खर्चमै जान्छ । त्यति मात्रै हैन यस्ता संरचनाहरुले गर्दा सेवा प्रवाहमा दोहोरोपना हुने तथा प्रशासनिक खर्च बढ्न गई यस्ता संरचनाहरु प्रतिउत्पादक समेत बनेका उदाहरण छन् । तसर्थ प्रदेशका नियमित निजामती संरचना-हरुलाई नै चुस्त र प्रभावकारी बनाउने र कतिपय विशिष्टीकृत कार्यक्रमका लागि गैरसरकारी संस्थाहरु सहकारी वा निजी क्षेत्रसँग सार्वजनिक नीजि साझेदारी गर्नु लागत प्रभावी हुन्छ । त्यस्तै प्रदेशको सुशासनलाई प्रभावकारी बनाउनु पनि अपरिहार्य छ । नेपाल प्रशासनिक प्रशिक्षण केन्द्र (स्टाफ कलेज) को हालैको एउटा अध्ययनले कर्णालीका ८०% नागरिकले आफ्नो मान्छे नहुँदा र ६६ प्रतिशतले सेवा प्रवाह गर्ने कर्मचारीको व्यवहारले गर्दा सार्वजनिक सेवा नपाउने गरेको विचार अभिव्यक्त गरेका छन् । यसबाट अनुमान गर्न सकिन्छ कि सबैभन्दा विपन्न तथा सीमान्तकृत समुदाय रहने यस प्रदेशमा सार्वजनिक सेवामा पहुँचको स्थिति कस्तो छ । तसर्थ प्रदेशको शासन प्रणाली चुस्त र यी आधारभूत जनताको पहुँचमा हुने किसिमले मूक्तिकामी रुपान्तरण (Emancipatory Transformation) का लागि प्रशासनिक पुर्नःसंरचना गर्नुपर्ने हुन्छ ।

*(४) उद्यमशील सरकार जिम्मेवार सार्वजनिक वित्त व्यवस्थापनः* सार्वजनिक वित्तको परिचालन पूँजी निर्माणमा हुनु पर्छ । पूँजी निर्माण मौद्रिक मानाङ्कमा नै हुनु पर्छ भन्ने छैन । सरकारले निर्माण गर्ने पूँजी सामाजिक तथा मानव पूँजी हुन । पूँजी निर्माणका लागि उद्यमशील क्षमता आवश्यक पर्छ । उद्यमशील क्षमताले पूँजी निर्माण गर्न र निर्मित पूँजी परिचालन गर्न सक्षम

बनाउछ । त्यसैले विकसित मुलुकहरुले उद्यमशील सरकारको अवधारणा अवलम्बन गर्ने गरेका छन् । यसो भन्नुको अर्थ सार्वजनिक लगानी लागतप्रभावी तथा जवाफदेही हुनु पर्छ । यस अवधारणाले कल्याणकारी राज्यको अवधारणा अनुसार वितरण गरिने सामाजिक सुरक्षा भत्तालाई पनि उत्पादनमुखी बनाउँछ । त्यसका लागि महत्वपूर्ण पक्ष भनेको श्रोत परिचालन क्षमताको विकास गर्नु नै हो । श्रोत भएर मात्रै हुँदैन, त्यसको चाँजोपाजो मिलाउन श्रोत परिचालन गर्ने क्षमता चाहिन्छ तर हाम्रो प्रशासनमा त्यस्तो क्षमता दमित अवस्थामा रहेको छ । अब त्यो क्षमतालाई उजागर गर्नु पर्ने बेला आएको छ । सांगठानिक संरचना भएर मात्रै पनि हुँदो रहेनछ । त्यसलाई नतिजामूलक ढंगले परिचालन गर्न उचित क्षमता र ईच्छा शक्तिको खाँचो छ । तसर्थ हामीले पनि सरकारी निकायहरुको उत्पादनशील पुनर्संरचनाको थालनी गरी उद्यमशील सरकार बनाउन सके मात्रै समृद्धि हासिल गर्न सकिन्छ ।

(५) ***साहसिक तथा पर्यापर्यटनः*** प्रदेश साहसिक तथा पर्या-पर्यटनको महत्वपूर्ण अन्तर्राष्ट्रिय गन्तव्य बन्न सक्ने अवस्था छ । रारा, शे फोकसुन्डो र मानसरोवरको दृश्यावलोकन जस्ता अन्तर्राष्ट्रिय पर्यटकीय स्थल तथा त्रिपुरासुन्दरी, चन्दननाथ जस्ता धार्मिक स्थल र यहाँका साहसिक पद मार्ग, पर्वतीय यात्रा, परम्परागत बस्ती र सँस्कृति आफैमा पर्यटकीय वस्तु बन्न सक्छन् । देशका ठूला-ठूला निकुञ्ज यही रहेका छन्, जहाँ दुर्लभ वन्यजन्तु तथा बोटबिरुवाहरुको अवलोकन तथा अनुसन्धान गर्न सकिन्छ । कर्णाली, भेरी लगायतका सानाठूला नदीमा जल मनोरञ्जनलाई प्रवर्द्धन गर्न सकिन्छ । स्की, माउन्टेन बाइक रेस, हिउँ म्याराथुन दौड, रक क्लाइम्बीङ्ग, प्याराग्लाइडिङ्ग, डुङ्गादौड जस्ता

साहसिक पर्यटकीय खेलहरु आयोजना गरी अन्तर्राष्ट्रिय पर्यटकको ध्यान आकर्षण गर्न सकिन्छ । यसबाट पर्यटन क्षेत्रमा रोजगारी बढ्ने त छँदैछ पर्यटनसम्बन्धी साना तथा घरेलु उद्योग स्थापनाको अवसरमार्फत स्थानीयस्तरमै रोजगारी सृजना हुने अवस्था छ ।

(६) ***पूर्वाधार निर्माणः*** आर्थिक समृद्धिका लागि सबैभन्दा महत्वपूर्ण कुरा पूर्वाधार निर्माण हो । पूर्वाधार भन्नाले भौतिक पूर्वाधार मात्रै नभएर मानव विकास, कानूनी एवम् संरचनागत पूर्वाधार भन्ने बुझ्नु पर्ने हुन्छ । भौतिक पूर्वाधारमा आधारभूत पूर्वाधार जस्तै सडक, खानेपानी, विद्युत त अनिवार्य जस्तै नै भयो । अझैं पनि प्रदेशका डोल्पा र हुम्लामा सडक संजाल पुग्न सकेको छैन ।

सडक संजाल नपुग्दा बजारसँग सम्बन्ध स्थापना गर्न नसकिने मात्रै हैन हवाई ढुवानीबाट आधारभूत खाद्य सामाग्री पुऱ्याउन आफैमा चुनौतिपूर्ण कुरा छ । त्यसैले स्टाफ कलेजले गरेको सर्भेक्षणमा कर्णालीमा बासिन्दाले सबैभन्दा बढी (७३%) ले सडक निर्माणकै अपेक्षा राखेका छन् भने दोश्रो प्राथमिकता (६९%) मा खानेपानी परेको छ । तथापि यी निर्माण पनि अब बस्ती विकाससँग जोड्नु पर्ने हुन्छ । तसर्थ यस्ता भौतिक पूर्वाधार निर्माणका कार्यक्रम पनि एकीकृत बस्ती (स्मार्ट सिटी) को बृहत्तर आयोजनासँग प्याकेजमै तर्जुमा गर्नु श्रेयस्कर हुन्छ ।

त्यस्तै भारतको कालापहाडको असुरक्षित रोजगारीलाई स्थानीय तहमै रोजगार प्रदान गर्न सीप विकास र उद्यमशीलता सम्वन्धी तालिम प्रदान गरी स्वरोजगार निर्माण गर्न मानव विकासका पूर्वाधार निर्माण गर्न पनि उत्तिक्कै आवश्यक छ । जनसाँख्यिकी संरचना अनुसार अझ केही वर्ष यस प्रदेशमा युवा जनशक्तिको वर्चस्व रहने देखिन्छ । यस्तो युवाशक्तिलाई दक्ष बनाई प्रदेश भित्र र देशैभरि परिचालन गरी आयस्तर बढाउन सकिन्छ ।

प्रदेशमा ठूला उद्योगको त्यति सम्भावना नभएतापनि पर्यटन, जडिबुटी, सिमेन्ट तथा खनिज, जलविद्युत र कृषिजन्य उद्योगहरु खुल्न सक्ने अवस्था देखिन्छ । त्यसका लागि भौतिक पूर्वाधारका साथै सहुलियतपूर्ण प्रावधानसहित लगानी आकर्षण गर्ने कानूनी व्यवस्था हुन आवश्यकता छ । तर यस्ता उद्योगहरुमा सम्बन्धित स्थानीयबासीहरुको शेयर हिस्सा सुनिश्चित गर्न सके रोजगारीका साथै लाभको हिस्सासमेत स्थानीयबासीले पाउने छन् । यसका अलावा घरेलु तथा साना उद्योग नै यस प्रदेशको आर्थिक समृद्धिको आधार बन्न सक्छन् । प्रदेश सरकारको कर्णाली रोजगार योजना र नेपाल सरकारको प्रधानमन्त्री रोजगार योजना नीतिगत पूर्वाधारका रुपमा तय भइसकेका छन् तर त्यसको संरचनागत र कार्यगत पूर्वाधार बन्न बाँकी छ । अब त्यसतर्फ लाग्नु आवश्यक छ ।

(७) **वित्तीय पहुँचको विस्तारः** देशमा विद्यमान कूल बैङ्किग एकाईहरुको केवल ३ प्रतिशत मात्रै यस प्रदेशमा अवस्थित छन् । अझैं पनि १७ वटा स्थानीय तहमा बैङ्क पुग्ने सकेका छैनन् । भौगोलिक विकटता र छरिएको बस्तीका कारण बचत ऋण समूह, सहकारी, लघुवित्त संस्था समेत आशातित रुपमा स्थापना हुन सकेका छैनन् । जे-जति छन् शहर तथा सदरमुकाम केन्द्रित छन् । यस कारण भारत र तेश्रो मुलुकबाट वैधानिक र सुरक्षिततवरले विप्रेषण रकम गाउँसम्म पुग्न सक्ने अवस्था छैन । "वित्तीय संघीयताको आधार, वित्तीय हस्तान्तरण र बैङ्किग सेवामा विस्तार" भनिए बमोजिम सरकारी रकम स्थानीय तहको तल्लो एकाईसम्म हस्तान्तरण हुने र नागरिकहरुमा वित्तीय सेवाको पहुँच पुग्ने नहुँदासम्म विकास र समृद्धि सपना मात्रै हुन्छ । त्यसका लागि सबै सरकारहरु तल्लो एकाईसम्म वित्तीय हस्तान्तरण गर्ने कुरामा

उदार हुनु जरुरी छ । यसले बैङ्कहरु तल्लो एकाईसम्म पुग्न समेत प्रोत्साहित हुन्छन् । त्यसका अलावा सामुदायिक बैङ्गिग प्रणालीलाई व्यापक बनाउन प्रदेश सरकारले वित्तीय सेवाको पहुँचमा नपुऱ्याउदासम्म त्यस्तो लगानी समेत निरर्थक हुन्छ ।

**अन्त्यमा,**


अहिले मूलत देशले सन् २०२२ सम्म विकासशील मुलुकमा स्तरोन्ति हुने र सन् २०३० सम्म मध्यम आयस्तर देशमा स्तरोन्नति हुने तथा दीगो विकास लक्ष्य पूरा गर्ने कार्यलाई आफ्नो स्रोत, साधन र ध्येय केन्द्रित गरेको छ । सोही अनुसार सबै प्रदेश र स्थानीय तहले पनि आ-आफ्ना कार्यहरु यही राष्ट्रिय लक्ष्यतर्फ नै उन्मुख गर्नुपर्ने हुन्छ, जुन समृद्धिका मूल आधार पनि हुन् । विकासशील मुलुकमा स्तरोन्नति हुन प्रतिव्यक्ति आय २१०० अमेरिकी डलर पुऱ्याउने देशले लक्ष्य राखेको छ । कर्णालीको हकमा पनि यही लक्ष्यलाई लिएर प्रदेश सरकार र स्थानीय तह उत्साहित भई लागेका छन् । तथापि आधाभन्दा बढी जनसंख्या बहुआयामिक गरिवीको अवस्थामा रहेको यो प्रदेशले यही अवधिमा उक्त आयस्तर पुऱ्याउन भने सम्भव देखिदैन । हाल देशको प्रतिव्यक्ति आय १००४ डलर हुँदा प्रदेशको आयस्तर ६७७ डलर भएकोमा यही अनुपात कायम राख्न पनि अहिलकै सटही दरमा १६०० डलर पुऱ्याउनु पर्ने हुन्छ । अहिलेकै गतिमा अर्थतन्त्र चले १२०० डलरसम्म पुग्ने देखिन्छ जुन विकासशील मुलुकमा उक्लिनका लागि न्यूनतम आयस्तर हो । तर यसका साथै मानव विकास जनाउने सूचक ह्युमन एसेट्स इन्डेक्स ६६ भन्दा माथि र आर्थिक संकटासन्नता देखाउने सूचक इकोनोमिक भल्नेराविलिटी इन्डेक्स ३२ भन्दा तल हुनुपर्छ । अर्थात केवल आयस्तर बढाएर मात्र हुँदैन मावन विकास र आर्थिक समानता पनि कायम गर्नु पर्ने हुन्छ । यही अर्थतन्त्रमा सरकारको सारभूत हस्तक्षेप गर्न सकेमा मात्र अहिलेको अनुपात कायम


रहन सक्छ जसको लागि दुई अंकको आर्थिक वृद्धि जरुरी हुन्छ । हालको ४.५ प्रतिशतबाट दुई अंकको आर्थिक वृद्धि पुऱ्याउन सरकारको सक्रीय हस्तक्षेप जरुरी पर्छ । विगतको अनुभवमा नेपालको औषत आय करिब एघार वर्षमा डवल भएको तथ्याङ्क छ । अहिले जिम्मेवार लगानी गरेमा त्यसको प्रतिफल प्राप्त हुन नै ४/५ वर्ष लाग्छ । कतिपय लगानीको प्रतिफलको ग्रेस अवधि झनै लामो हुन्छ । यस्तो अवस्थामा यो अवधिमा आर्थिक विकासमा सक्रीय हस्तक्षेप हुन सकेमा अर्को पाँच वर्षमा कर्णाली प्रदेशको आयस्तर २१०० डलर हुने देखिन्छ । त्यसको लागि सबै तहका सरकारले अनुत्पादक आलंकारिक निकाय खडा गर्ने तथा उत्सवजन्य कार्यक्रममा रमाउनेभन्दा पनि उद्यमशील सरकारको रुपमा चुस्त प्रणाली विकास गरी जिम्मेवार लगानीका ध्यान दिन जरुरी छ ।

*// जय कर्णाली //*

## (ख) उत्पादनमा लक्ष्यित वर्गको सहभागिता सुनिश्चिततासहितको योजना तर्जुमा


- विन्दा पाण्डे (पिएचडी)
सदस्य, प्रतिनिधि सभा






राजनीति पक्ष
(हक-अधिकार)
आर्थिक पक्ष
(आत्मनिर्भरता)
समृद्धीका चार आधार
सांस्कृतिक पक्ष
(सामाजिक मुल्य-मान्यता)
सामाजिक पक्ष
(समान नागरिक मर्यादा)


महिला उद्यमसिलताको विश्व रणनीति
आर्थिक गतिविधिमा वृद्धी
शिक्षा र स्वास्थ्यमा सुधार
महिलामैत्री सुवा सुविधा
मातृत्व संरक्षण र शिशु स्याहार
जेण्डर भुमिका र सम्बन्धमा परिवर्तन
घरायसी काममा रुपान्तरण र सुधार


उद्यमसिलताको लागि पुर्व आधार
आर्थिक आधार
राजनीतिक आधार
संरचनागत आधार
स्वास्थ्य
शिक्षा
सीप
अंश/रोजगारी
हक
अधिकार
भुमिका
जिम्मेवारी
परिवार
समाज
संगठन/पार्टी
राज्य


सोच/मानसिकता
अवको रुपान्तरण
गराई/व्यवहार
वोली/अभिव्यक्ति


महिलाहरु आधा जन-संख्या मात्र होइनन, आधा श्रमशक्ति पनि हुन
उद्यमसिलतामा महिला सहभागिता विना समृद्वी असम्भव
वास्तविकता आत्मसात गरौ
सचेत र शिक्षित महिला विना स्वस्थ परिवार र समाज असम्भव
दिगो विकास लक्ष्य सन २०३० सम्ममा सहभागिता ५०-५०


सफलताको आधार
लक्ष्यीत समुदायको सहभागिता
सम्भाव्यताको अध्ययन र विश्लेषण
आवश्यकता / मागको पहिचान
सक्षम / आत्मविश्वासी जनशक्ति
प्रविधि र बजारको व्यवस्थापन
पूर्वाधार विकासमा राज्य साभेदार

## उद्यमसिलताको प्राथमिक क्षेत्र व्यवस्थापन

### कृषी विकास
आधुनिकिकरण, बजारव्यवस्थापन, प्राविधिक जनशक्ति, प्रवासीको ज्ञान र सीपको सदुपयोगआदि

### जनशक्ति विकास
प्राविधिक जनशक्तिको आंकलन र विकास योजना ( डाक्टर, इन्जिनियर, कानुनविद, कृषि/पर्यटन आदि विषय विज्ञ)

### पर्यटन विकास
जनसहभागितामा पुर्वाधार विकास, आतिथ्य कुशलता, भाषिक सक्षमता, भोजन विविधता, प्रचार-प्रसार

### जडिवुटीको उपयोग
प्रशोधन (तेल, अत्तर, औषधी)
निर्यातमुलक गुणस्तर कायम (लेवलिंग प्याकेजिंग, )
प्राकृतिक चिकित्सालय (उपचार, ज्ञान हस्तान्तरण)


## नीति कार्यक्रम र वजेटको विश्लेषण

- जेष्ट नागरिक- पहिचान, सममान र सामाजिक सुरक्षा
  - संस्थाका लागि जेष्ट नागरिक मिलन केन्द्र
- स्वास्थ्य स्वयंसेवी- पुरानाको सम्मानजनक व्यवस्थापन
  - थप क्षमता र दायित्व सहितको व्यवस्थापन
- महिलाको अधिक श्रमशक्तिको पूर्ण सदुपयोगको योजना
  - प्राविधिक सीपार्जनमा आधा महिला
- चेतनाका लागि शिक्षालय -पानी/प्याडसहितको शौचालय
- छोरीबुहारी छात्रवृत्ती भन्दा उत्कृष्ट महिला छात्रवृत्ती

## विभेदरहित समाज निर्माणमा प्रादेशिक अभियान

- जातिय विभेद, छाउपडी कुप्रथा र महिला हिंसा विरुद्ध अन्तयको लागि आचारसंहितासहित अभियान
  - जनप्रतिनिधि, सरकारी कर्मचारी, राजनीतिक दल र नागरिक अगुवाका लागि आचारसंहिता
  - अतिरिक्त पाठ्यक्रम निर्माण र कार्यान्वयन
  - स्काउट, जेसिस लगायतका सामाजिक संस्थासंग हातेमालो कार्यक्रम
  - आमा समुह, बाल क्लब, युवा-विद्यार्थी परिचालन

## अरुका कुरा पनि सुनौं, आफु पनि मनमा गुनौं



## (ग) समृद्धिका लागि महिला सहभागिता

*सत्या पहाडी*
*सदस्य, प्रतिनिधि सभा*

सर्वप्रथम म 'महिला को हुन् ?' र 'वास्तविक अर्थमा समृद्धि के हो ?' भन्ने बिषयमा संक्षेपमा केही कुरा राख्न चाहान्छु ।

**महिला**

***पहिलो:*** मानव हो । त्यसपछि नारी हो, महिला हो । हो जैबिक हिसाबले महिला र पुरुषमा केही भिन्नता छन् । पुरुषसँग जे छ, त्यो सबै महिलासँग छैन, महिलाहरुसँग जे छ त्यो सबै पुरुषसँग छैन । जैविक दृष्टिले देखिने यो भिन्नता सवलता र दुर्वलता होइन । बरु के हो भने दुबैसँग जे छ त्यो दुबैको आ-आफ्नो (Strength) बल हो भने जे छैन दुबैका लागि त्यो अपूर्णता हो । त्यसकारण महिला र पुरुषलाई एउटा सिक्काका दुईपाटा मानिएको हो ।

- तर पितृसत्तावाद र नारीवाद दुबैले एकअर्कालाई अलग-अलग गर्दछन् ।
- पितृसत्तावादले महिलाको सहअस्तित्वलाई अस्वीकार गर्दछ ।
- महिलालाई असक्षम देख्दछ ।
- समानता र अधिकारको कुरामा खिशिट्यूरी गर्दछ ।
- पुरुष सदैव शासक र महिला शासित ठान्दछ ।
- पित्तृसत्तावाद अर्को शब्दमा सामन्तवाद हो ।
- पित्तृसत्तावादको अर्को विशेषता भनेको महिलालाई भोग विलाषको साधन, विज्ञापनको साधन ठान्नु हो ।

**नारीवाद**

- नारीवादले केवल पुरुष प्रगतिको सत्रु हो भन्ने ठान्छ ।
- पुरुष बिना ।

## समृद्धि

- समृद्धि आर्थिक वृद्धि र प्रगति तथा सवलता मात्र होइन, सामाजिक विकास पनि हो ।
- विभेदको अन्तका साथै समग्र विकास हो ।
- कूलमा भन्दा समृद्धि आर्थिक र सामाजिक विकासको योग हो ।

## महिला र समृद्धि

(१) कुनै पनि मुलुकको समृद्धिको स्तर मापन गर्ने महत्वूर्ण आधार त्यो समाजमा वा मुलुकमा महिलाहरुको स्थान कहाँनेर छ भन्ने कुरा हो । महिलाहरु समान अधिकार उपयोग गर्दै पुरुषसँग काँधमाकाँध मिलाएर हिंडिरहेका छन् वा हेपिएर दाश्रो दर्जाको नागरिक भएर बाँचिरहेका छन् ?

- यदि महिला पुरुषसँग काँधमाकाँध मिलाएर हिंडिरहेका छन् भने त्यो मुलुक आर्थिक रुपले समृद्ध हुनुका साथसाथै सभ्य र सु-संस्कृत छ भन्न सकिन्छ ।
- जहाँ महिला हेपिएका छन्, दोश्रो दर्जामा छन् त्यहाँ न आर्थिक विकास हुन सक्छ, न त्यहाँ न्याय र समानता नै हुन सक्छ ।
- आधाभन्दा बढी हिस्सा विकासमा सहभागी नभई कुनै पनि मुलुकको विकास हुन असम्भव छ ।
- आधाभन्दा बढी जनसंख्या हेपिएको मुलुकमा न सामाजिक न्याय, न वास्तविक लोकतन्त्रको कल्पना गर्न सकिन्छ ।

(२) अब म वर्तमान सन्दर्भमा सिंगो नेपाल र कर्णाली प्रदेशमा महिलाको अवस्था कस्तो छ भन्नेतर्फ संक्षेपमा केही कुरा राख्न चाहान्छु :-

- हाम्रो देशमा पुरुषको भन्दा महिलाहरुको जनसंख्या करिब ८ आठ लाखले बढी छ ।
- लामो समयदेखि हाम्रो समाजमा पनि महिलाहरु निकै हेपिदै आए । यद्यपि पछिल्लो समयमा अवस्थामा केही परिवर्तन हुँदै गएको छ ।
- वि.सं. १९७७ (आजभन्दा ९९औं बर्ष अगाडि मात्र सति प्रथाको अन्तचन्द्र शमशेरका पालामा भएको थियो ।
- छाउपडी प्रथा, बोक्सी प्रथा, बालबिवाह, बहुबिवाह लगायतका अन्य पित्तृसत्तावादी सोच आज पनि हाम्रो समाजमा विद्यमान छन् ।
- समाजमा महिलाहरुले अपहेलना र उत्पीडन भेल्दै मात्र आएका छैनन् । सबैखालका उत्पीडन विन्दु विद्रोह पनि गर्दै आएका छन् ।
- १९९७ मा ४ जना शहिदलाई मृत्यु दण्ड दिएपछि भोजपुरमा जन्मिएकी योगमाया न्यौपानेले विद्रोह स्वरुप आफ्ना ६७ जना सहयोगी सहित अरुन नदीमा हामफालेर आत्मदाहा गरेको । यो क्रम विभिन्न राजनैतिक एवं सामाजिक आन्दोलनमा विकासित हुँदै गयो ।
- नगरका वडा सदस्यमा निर्वाचित पहिलो महिला साधना प्रधान २०१० सालमा ।

- जनयुद्धको रुपमा महिलाहरुको सहभागिता सबैभन्दा ठूलो महिलाहरुको पनि विद्रोह थियो ।
- पहिलो आमनिर्वाचन २०१५ मा स्थानीय स्वायत्त शासन र स्वास्थ्यमन्त्रीमा पहिलो महिलामन्त्री द्वारिका देवी ठकुरानी ।
- वि.सं. २०४६ पछि यो संख्या बढेर ३ देखि ६% भयो भने ०६२-०६३ पछि ३३% भएको छ । यद्यपि समान अधिकारको आँखाबाट हेर्दा यो संख्या अझ प्रयाप्त होइन ।
- स्थानीय तहमा यो संख्या ४०% हुन पुगेको छ ।
- महिला हक संविधानमा मौलिक अधिकारको रुपमा लेखिएको छ । यद्यपि व्यावहारिक जीवनमा लागु गर्न पर्ने अवस्था छ ।

राजनैतिक क्षेत्रमा जस्तै आर्थिक सामाजिक जीवनका अन्य क्षेत्रहरुमा पनि केही उलेख्य परिवर्तन हुँदै गएको छ । तथापि यो पनि अझैं प्रयाप्त होइन ।

- समान कामको समान ज्यालाको अवस्था अझै छैन । औसत हेर्दा पुरुषले १ रु. पाउदा महिलाले ७७ पैसा पाउँछन् ।
- छाउपडी, बालविवाह, अंश र वंशको समस्या छोरा र छोरीलाई हेर्ने दृष्टिकोणमा अन्तर आज पनि हाम्रो समाजको समस्याको रुपमा रहँदै आएको छ ।
- यहाँ प्रश्न उठ्छ, समाज गरिब पछौटे भएका कारण विभेद र असमानता भएको हो कि ? असमानता र विभेदले विकास हुन नसकेको ?अर्थात गरिब भएको एक हदसम्म

दुबै कुरा सही हुन् । जे होस् गरिबी विभेद असमानता र पछौटेपन मानिसद्वारा सिर्जिएको हो, मानिसले बदल्न सक्दछ । यसको अर्थ हामी हाम्रो समस्या माथि विजय हाँसील गर्न सक्छौं विभेद र असमानता अन्त गर्दै जान सक्छौं । शर्त के मात्र हो भने त्यो अभियानमा सबै तह तरीकाको सहभागिता आवश्यक हुन्छ । आधाभन्दा बढी जनसंख्या रहेको महिलाको सहभागिता झनै अनिवार्य शर्त हो ।

- कर्णाली:- प्राकृतिक क्षेत्र र साधनका दृष्टिले सम्पन्न छ । हिमाल तालतलैया, नदिनाला, बहुमूल्य जडिबुटी, सहित जैविक विविधता बहुमूल्य खानीहरुको दृष्टिले कर्णाली सम्पन्न रहेको कुरामा शंका छैन । कर्णाली श्रमशिल मेहनती र निडर जनताहरुको बस्ति पनि हो । पुरुष मात्र होइन, महिलाहरु पनि अवसर मिलेसम्म काँधमाकाँध मिलाएर अगाडि बढ्दछन् । जनयुद्ध एउटा महत्वपूर्ण दृष्टान्त हो । उल्लेखित विषयले देखाउँदछ कर्णालीमा समृद्धि संभव छ । केवल भविश्यको निम्ती होइन । वर्तमानको वास्तविकता बनेर समृद्धि देखा पर्नेछ ।
- अन्य कुराको अतिरिक्त सिंगो मुलुक र कर्णालीको समृद्धिको एउटा महत्वपूर्ण शर्त विकास र समृद्धिको अभियानमा महिलाहरुको सहभागिता हो ।
- महिलाहरुको सहभागिताको अर्थ राजनैतिक, आर्थिक र सामाजिक जीवनका सबै क्षत्रमा सहभागिता हो ।
- सतकर्म र प्राप्ती दुबैको निम्ति आफूलाई हिस्सेदार बनाउनु हो ।

## सहभागिता र हिस्सेदारीको सुनिश्चित गर्न

***पहिलो :***

- राजनैतिक प्रणाली लोकतान्त्रिक एवं जनताप्रति उत्तरदायी हुन जरुरी छ । राज्यले आधिकारमा आधारित विकास मोडेल संचालन गर्नु पर्दछ ।

***दोस्रो :***

- सामाजिक संस्कार प्रगतिशिल र वैज्ञानिक बन्नु आवश्यक छ ।

***तेस्रो :***

- हामी महिला स्वयं सशक्त, दक्ष एवं कामकाजी हुन आवश्यक छ । महिलाहरुभित्र भएको अन्तरनिहित क्षमताको प्रस्फुटन गर्नु आवश्यक छ ।
- हामी महिलाहरुले पनि आफूलाई नेतृत्वको रुपमा विकास गर्न सकारात्मक सोचको विकास अध्यायन शिलता सूचनामा पहुँच र समयको ब्यवस्थापन उत्तिकै महत्वपूर्ण कुरा हुन् ।

## महिला सशक्तिकरण

- महिला सशक्तिकरण भन्नाले
  - ✓ आर्थिक रुपमा सशक्त
  - ✓ लैंगिक समानता
  - ✓ विकासमा महिला सहभागिता
  - ✓ महिला अधिकार र समानता
- राजनीतिक हक

- ✓ नीति निर्माणका सबै तहमा महिलाहरुको समान सहभागिता
- सामाजिक रुपमा
  - ✓ दाईजो, तिलकप्रथाको अन्त
  - ✓ शिक्षा क्षेत्रमा पहुँच
  - ✓ बालबिवाह, लैंगिक हिंसा आदिको अन्त
  - ✓ रोजगारीको सुनिश्चितता
  - ✓ उत्पादनशिल क्षेत्रमा महिलाहरुको सहभागिताको सुनिश्चितता

## Way forward

- समृद्धि, महिला अधिकार समावेशीकरण अब सिद्धान्त । ब्याख्याको बिषय मात्र होइन व्यवहारिक जीवनमा समेत लागु गर्नु पर्दछ ।
- महिलाहरुलाई (क्षमता विकास) र उत्पादनशिल गतिविधिमा सहभागी गराउनु पर्दछ ।
- अब हाम्रो प्रदेशमा कोही पनि छोरी निरक्षर रहनु हुँदैन सबैलाई स्कुल जाने वातावण तयार गर्नु पर्‍यो ।
- सीपमूलक तालिमको व्यवस्था गरेर रोजगार तथा स्वरोजगार बन्ने वातावरण बनाउनु पर्‍यो ।
- कृषि वन पैदावारको उत्पादन तथा बिक्री वितरण महिला सहकारी तथा समूहहरुबाट गराउने । उनिहरुलाई तालिम अनुदान सहुलियत ऋण सहुलियत कर्जाको थप व्यवस्थाद्वारा प्रेरित गर्ने ।

- महिलाहरुको उत्पादनलाई सरकारले खरिद गरेर बजारीकरणको ब्यवस्था गर्न सके महिलाहरु आर्थिक रुपले सक्षम हुँदै जानेछन् ।

**<u>ब्यवस्था</u>**

- लक्षित वर्ग समूहलाई भनेर तर्जुमा गरेका कार्यक्रम लक्षित समूह सम्मन पुग्ने स्थितिको अन्त्य गर्नु पर्दछ ।
- न्यायिक समितिको प्रमुख महिलाहरु हुनुहुन्छ महिला हिंसाका केशहरुलाई प्रभावकारी तवरले सम्पादन गर्न ध्यान दिइरहनु भएको होला ।
- यो खुशीको कुरा हो अहिले कतिपय स्थानिय सरकारका प्रमुखहरु महिला स्वयं हुनुहुन्छ भने बाँकी प्रायः सबैमा दोश्रो पोजिसनमा हुनुहुन्छ । महिला लक्षित कार्यक्रमहरु तर्जुमा गर्ने र कार्यन्वयन भएन भएको अनुगमन गर्ने कुरामा समेत ध्यानदिनु हुने छ ।

**अन्तमा,**

समृद्ध मुलुकले सहभागिताको दायरालाई विस्तार गर्नेछ । त्योभन्दा महत्वपूर्ण कुरा महिला लगायतको समान सहभागिताले मुलुकको समृद्धिलाई थप सुनिश्चित गर्ने छ ।

***- समाप्त -***

# (घ) लैङ्गिक समानताको अवधारणा

डा. रेणु राजभण्डारी अधिकारी

**लैंगिक संवेदनशिल योजना र नीति किन आवश्यक छ ?**

| | | | | |
|---|---|---|---|---|
| नेपालको संविधान द्वारा प्रदत्त समानताको अधिकार लगायतका मौलिकहक तथा महिला मानवअधिकारको समानता सम्बन्धि सिद्धान्तलाई आत्मसात गर्दै व्यवहारिक रुपमा स्थानियतह देखि कार्यान्वयन गर्ने आधार तयारगर्नं। | दिगो विकास लक्ष्य अनुरुप सन् २०३० सम्ममा गरिबीको अन्त्य, सबै प्रकारका विभेदको अन्त्य, सबैकालागि गुणस्तरिय शिक्षा, स्वास्थ,जस्ता आधारभुत अधिकारहरुको सुनिश्चितता गर्न, लैंगिक समानता कायम गर्ने जस्ता लक्ष्यहरु पुरा गर्ने आधार तयार गर्न। | लैङ्गिक उत्तरदायी शासन पद्धतिलाई संस्थागत गर्न। | महिला, बालिका र यौनिक अल्पसंख्यकविरुद्ध हुने लैङ्गिक हिंसा अन्त्य गरी सबैका लागि हिंसा रहीत, आत्मसम्मानपूर्ण जीवन यापन गर्न सक्ने वातावरण तयार गर्न। | स्थानिय सरकारले क्षमता र आवश्यकताको आधारमा योजनाहरुको प्राथमिकिकरण, योजना तर्जुमा एवं कार्यान्वयन गर्ने आधार तयार गर्न । |

स्थानिय सरकारले बनाउने नीति, योजना तथा कार्यक्रमहरूबाट नै व्यक्ति, परिवार तथा समाजको सोच र व्यवहारमा परिवर्तन ल्याउन सकिन्छ भन्ने मान्यता अनुरुप स्थानिय तहमा लैङ्गिक संवेदनशिल योजना तर्जुमा गरी कार्यान्वयनमा ल्याउन आवश्यकता छ।

**लैंगिक समानता नीतिको आवश्यकता**

↓

**कसैलाई पनि पछाडि नपार्ने** (Leave no one behind)

↓

यसकालागि महिला, पुरुष, यौनिक अल्पसंख्यक सबैका आवश्यकता र अधिकार सुनिश्चिता हुन जरुरी छ।

| | | | |
|---|---|---|---|
| सबैको शिक्षामा समान पहुँच | आर्थिक अधिकार र रोजगारीको अवसरमा बराबरी | सबैको स्वास्थ्यमा समान पहुँच | महिला माथि हुने सबै प्रकारका हिंसाहरु र यीनका परिणामहरुको अन्त्य गर्ने प्रतिबद्धता |

स्थानिय सरकारले बनाउने नीति, योजना तथा कार्यक्रमहरूबाट नै व्यक्ति, परिवार तथा समाजको सोच र व्यवहारमा परिवर्तन ल्याउन सकिन्छ भन्ने मान्यता अनुरुप स्थानिय तहमा लैङ्गिक समानता नीति तर्जुमा गरी कार्यान्वयनमा ल्याउन आवश्यकता महसुस गरिएको छ।

- नेपालको संविधानमा उल्लेखित मौलिकहक, राज्यका निर्देशक सिद्धान्त, नीति तथा दायित्वद्वारा निर्देशित सामाजिक न्याय र समावेशीकरण सम्बन्धी नीति स्थानियतहमा कार्यान्वयन गर्ने आधार तयारगर्ने।
- दिगो विकास लक्ष्यको "लैङ्गिक समानता र महिला तथा बालिकाहरूको सशक्तिकरण गर्ने" लक्ष्य हासिल गर्ने।
- स्थानिय सरकारले फरक क्षमता र आवश्यकताको आधारमा प्राथमिकिकरण गरी योजना तर्जुमा गरी कार्यक्रम कार्यान्वयन गर्ने वातावरण तयार गर्ने।
- महिला,बालिका र यौनिक अल्पसंख्यकविरूद्ध हुने लैङ्गिक हिंसा अन्त्य गरी सबैका लागि हिंसारहीत, आत्मसम्मानपूर्ण जीवन यापन गर्न सक्ने वातावरण तयार गर्ने।
- लैङ्गिक उत्तरदायी शासन पद्धतिलाई संस्थागत गर्ने।

## लैंगिक नीतिको सोच, लक्ष्य, उद्देश्य, नीति , रणनीति तथा कार्यनीति

**सोच** : लैंगिक समानता र सामाजिक न्याय सहितको प्रदेश .......... निमार्ण ।

**लक्ष्य** : सामाजिक, आर्थिक, राजनीतिक अवसरहरुमा महिलाको समान सहभागिता सुनिश्चित गरी समानतामा आधारीत समाज निर्माण गर्ने ।

| लैंगिक समानता नीतिको उद्देश्य | | | |
|---|---|---|---|
| पछाडिपारिएका समूहरुको सामाजिक, आर्थिक तथा राजनैतिक सशक्तिकरणका लागि सहजिकरण गर्दा महिलाको अवस्थालाई विशेष ख्याल गर्दै महिलाहरुको समानताको अधिकार सुनिश्चित गर्ने | लैंगिकतामा आधारित हिंसा, भेदभाव अन्त्य गर्ने | महिलाहरुको आर्थिक, सामाजिक, राजनीतिक स्रोत र अवसरमा वृद्धि गर्दै निर्णायकतहमा महिलाको सार्थक र समान पहुंच बढाउने। | आधारभूत अधिकारहरु सुनिश्चित गर्ने आधार तयार गर्दै महिला, बालबालिका, जेष्ठनागरिक , अपांगता भएका व्यक्तिहरुको ( सहभागिता र अधिकार सुनिश्चित गरी) सामाजिक सुरक्षाको व्यवस्था गर्ने। |

# नीति

- सबै प्रकारको लैंगिक विभेद अन्त्य गरी कर्णाली प्रदेशमा सबै महिलाले सम्मानित जीवन जिउन सक्ने वातावरण सुनिश्चित गर्ने ।
- लैंगिक समानताको लक्ष्य प्राप्त गर्न लैंगिक उत्तरदायी शासन पद्धतिलाई संस्थागत गरिनेछ ।
- दिगो विकास र आर्थिक समृद्धिकालागि महिलाको समान अवसर, नेतृत्वदायी भूमिकामा सबै समान प्रतिनिधित्व र लाभ उपभोगमा महिलाको अधिकार सुनिश्चित गर्ने नीतिगत व्यवस्था।
- समाजमा रहेका कुरीतिजन्य तथा हानिकारक परम्परागत मान्यताहरूका कारण महिला तथा बालिकाहरूले भोग्नु परेका दुर्व्यवहार तथा हिंसा अन्त्य गर्न नीतिगत व्यवस्था गरिनेछ ।
- हिंसा पिडित /प्रभावित महिलाहरूको लागि सहयोगी संयन्त्रको विकास गरिनेछ ।
- प्रदेशका सबै तहका नीतिगत र कानुनी दस्तावेज सबै महिलाले सम्मानित भएको बोध हुने गरी तर्जुमा गरिनेछन् ।
- कानुन निर्माण गर्ने संयन्त्रहरू र कार्यान्वयन गर्ने निकायहरूलाई लैंगिक संवेदनशील बनाइने छ ।

## लैंगिक नीतिका आधार स्तम्भहरु :

- महिला हिंसा अन्त्यकालागि प्राथमिक रोकथाम / नियन्त्रण केन्द्री
- महिलामाथि हुने हिंसाको प्रमुख कारकको रूपमा महिला र पुरुष बिच ऐतिहासिक असमान शक्ति सम्बन्ध एवं हानीकारक परम्परा हो भन्ने कुराको आत्मसात
- सामाजिक न्याय र समावेशी सिद्धान्तमा आधारित
- सबैको शिक्षा, स्वास्थ्य र रोजगारीमा समान पहुँच बढाउन नीतिगत व्यवस्था
- सहकार्य एवं समन्वयमा आधारित पद्धती
- मानव अधिकार मुखी केन्द्री




**नीति कार्यान्वयनको जिम्मेवारी तथा दायित्व :**

**संस्थागत संरचना**

**आर्थिक पक्ष**

**कानूनी व्यवस्था**

**अनुगमन तथा मुल्याङ्कन**

**जोखिम र न्युनीकरण**

*समाप्त*

# अनुसूची-६

## उद्यमशीलता विकासका लागि कर्णाली सम्मेलन, २०७६ मा जारी गरिएको प्रतिवद्धता-पत्र

नेपालको संविधानको धारा ३३ ले प्रत्येक नागरिकलाई रोजगारीको हकका साथै रोजगारी छनौट गर्न पाउने हक प्रदान गरेको छ । त्यसैगरी संविधानको धारा ३४ ले श्रमिकको परिभाषासहित प्रत्येक श्रमिकलाई उचित श्रम अभ्यासको हक दिएसँगै प्रदेशमा श्रमशक्तिको अधिकतम उपयोग गरी समृद्ध कर्णाली प्रदेश निर्माणका सामाजिक विकास मन्त्रालयको आयोजनामा मिति २०७६ असार ३ र ४ गते संचालन भएको उद्यमशीलता विकासका लागि कर्णाली सम्मेलमा सहभागी हामी प्रदेश सरकार, जिल्ला समन्वय समिति तथा स्थानीय तहका पदाधिकारीहरूले देशायबमोजिमका प्रतिवद्धता जाहेर गरेका छौं-

(१) बेरोजगारहरूको लगत लिई स्थानीय व्यक्तिहरूलाई प्रधानमन्त्री रोजगार योजनामा दोहोरो नपर्ने गरी कम्तिमा १०० दिन रोजगारीको सुनिश्चितता हुने गरी कर्णाली रोजगार योजना सञ्चालन गर्नेछौ, साथै प्रदेशभित्र सडक, यातायात, जलविद्युत, पर्यटन, कृषि लगायतका क्षेत्रसँग सम्बन्धित साना, मध्यम र ठूला आयोजनाहरूको विकास र सञ्चालन गर्दा प्रदेशभित्रका श्रमशक्तिको उपयोगलाई प्राथमिकता दिइनेछ।

(२) मन्त्रालय र स्थानीय तहमा रहने अनलाइन प्रणालीमा आधारित रोजगार व्यवस्थापन सूचना प्रणाली (Employment Management Information System - EMIS) मा आ-आफ्नो क्षेत्रभित्रका बेरोजगार व्यक्तिहरू र रोजगारीका अवसरहरूको यथार्थ सूचना सङ्कलन

गरी अद्यावधिक राखिनेछ । त्यस्तो सूचना आवश्यकताका आधारमा एकअर्कामा अनलाइनबाटै आदानप्रदान गरिनेछ।

(३) वैदेशिक रोजगारबाट सिकेको सीप, परम्परागत सीप तथा ज्ञानलाई स्वदेशमै प्रयोग गर्नका लागि स्थानीय सरकार र प्रदेश सरकारले स्वरोजगार कार्यक्रम सृजना गर्नेछ । स्थानीय, सीप र श्रममा आधारित उद्योगलाई प्रोत्साहन गर्न उपभोक्ता समितिबाट गराइने विकास निर्माणका कार्यमा स्थानीय श्रमशक्तिलाई पहिलो प्राथमिकता दिई रोजगारीमा संलग्न गराएर उद्योग स्थापना र सञ्चालन सम्बन्धी व्यवस्थापकीय प्रक्रियालाई सहज र सरल बनाउन आवश्यक व्यवस्था मिलाउनेछ।

(४) असल श्रम सम्बन्ध स्थापना गर्न, श्रमबजार तथा रोजगारीको क्षेत्रमा समान पहुँच अभिबृद्धि गर्न, लैङ्गिक मैत्री र समावेशी बनाउन पेशा र श्रमप्रति सम्मान गर्ने संस्कृतिको विकास गर्न सबै सरकारी निकाय, निजी एवं सार्वजनिक संस्थाहरूलाई महिनामा कम्तिमा दुईदिन श्रम स्वयमसेवा अभियान कार्यान्वयनका लागि आवश्यक समन्वय र सहयोग गरिनेछ।

(५) नेपाल सरकारले अङ्गिकार गरेको प्रत्येक स्थानीय तहमा सम्भाब्यता अध्ययनका आधारमा उद्योग ग्राम स्थापना गर्ने कार्यलाई प्रदेशतहबाट आवश्यक सहयोग जुटाई असुरक्षित तथा अनियमित वैदेशिक रोजगारीमा भर पर्नुपर्ने प्रवृत्तिलाई कम गर्न स्थानीय तहमै रोजगारी शृजना हुने कार्यक्रम सञ्चालन गरिनेछ।

(६) दलित समुदायको रैथाने सीपलाई प्रवर्द्धन गरी उद्योग स्थापना गर्ने र स्थानीय स्तरमा स्वरोजगार सिर्जना गर्न कर्णाली प्याकेजको कार्यक्रमहरू तयार गर्ने ।

(७) वैदेशिक रोजगारीबाट फर्केका तथा स्थानीय तहमा उद्यम गर्न चाहने युवाहरूलाई वित्तीय सेवामा पहुँच पुर्याउन वित्तीय संस्थाहरूको विस्तारमा प्रोत्साहन गर्नुका साथै सामुदायिक बैङ्किङ प्रणाली (Community Banking System) लाई प्रदेशको सबै स्थानहरूमा प्रवर्द्धन गर्न विशेष व्यवस्था गरिनेछ ।

(८) वैदेशिक रोजगारी तथा भारतीय रोजगारीमा जाने युवालाई आवश्यक परामर्शसहित स्थानीय तहमा अनिवार्य सूचीकरणको व्यवस्था गराइनेछ ।

(९) प्रतिवद्धता तथा उद्यमशीलता सम्बन्धी कार्यक्रमहरूको कार्यान्वयनको अनुगमन गर्न प्रदेशस्तरीय एक अनुगमन समिति बनाइने छ । साथै प्रत्येक जिल्लामा जिल्ला स्तरीय तथा स्थानीय तहमा पनि सहजीकरण तथा अनुगमन समिति बनाई निरन्तर अनुगमनको व्यवस्था मिलाइने छ ।

– o –

# अनुसूची - ७

प्रदेश सरकार
**सामाजिक विकास मन्त्रालय**
**कर्णाली प्रदेश**
वीरेन्द्रनगर, सुर्खेत नेपाल

मा.मन्त्रीज्यू : ०८३-५२४
सचिवज्यू : ०८३-५२५
प्रशासन शाखा :- ०८३-५२
लेखा शाखा :- ०८३-५२१
फ्याक्स :- ०८३-५२२

प.सं. :- ०७५/०७६
च.न. :- १८२९

मिति : २०७६/०३/०६

विषय : प्रतिवद्धता पठाएको वारे ।

**श्री स्थानीय तह (सबै)**
**श्री जिल्ला समन्वय समिति (सबै)**
**श्री प्रदेश मन्त्रालय (सबै)**

यस मन्त्रालयको आयोजनामा "श्रम, सीप र रोजगार : युवासंग सरकार" भन्ने नाराका साथ मिति २०७६ असार ३ र ४ गते भएको उद्यमशीलता विकासका लागि कर्णाली सम्मेलनमा समृद्ध कर्णाली निर्माणमा उद्यमशीलता विकास सम्बन्धमा भएको छलफलमा तहाँको सक्रिय सहभागिताको सद्बना गर्दै उक्त सम्मेलनमा सहमती भएको सामूहिक प्रतिवद्धता यसै पत्रसाथ संलग्न गरी पठाइएको छ ।

सम्मेलनमा भएका छलफल र प्रतिवद्धता अनुसार उद्यमशीलताको विकास गरी रोजगार सृजना लक्षित कार्यक्रमहरु प्राथमिकताका साथ कार्यान्वयन हुनेछन् भन्ने अपेक्षा गरिएको छ ।

सो सन्दर्भमा यस मन्त्रालयबाट सहयोग,समन्वय र सहकार्य गरिने व्यहोरा समेत अनुरोध गरिन्छ ।

सक्रिय सहभागितोका लागि धन्यवाद !

डा.मान बहादुर वीके
(सचिव तथा संयोजक)
सम्मेलन व्यवस्थापन समिति

बोधार्थ :
श्री श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय, सिंहदरबार , काठमाडौं ।
श्री मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय, कर्णाली प्रदेश, सुर्खेत ।
श्री प्रदेश योजना आयोग, कर्णाली प्रदेश, सुर्खेत ।

mosdsurkhet@gmail.com

## उद्यमशीलता विकासका लागि कर्णाली सम्मेलन–२०७६ का केही झलकहरू






# उद्यमशीलता विकासका लागि कर्णाली सम्मेलन–२०७६ का केही झलकहरु






# उद्यमशीलता विकासका लागि कर्णाली सम्मेलन–२०७६ का केही झलकहरु






# उद्यमशीलता विकासका लागि कर्णाली सम्मेलन–२०७६ का केही झलकहरू





# उद्यमशीलता विकासका लागि कर्णाली सम्मेलन–२०७६ का केही झलकहरू



# उद्यमशीलता विकासका लागि कर्णाली सम्मेलन–२०७६ का केही झलकहरू





# उद्यमशीलता विकासका लागि कर्णाली सम्मेलन–२०७६ का केही झलकहरू





# उद्यमशीलता विकासका लागि कर्णाली सम्मेलन-२०७६ का केही झलकहरु





## सामाजिक विकास मन्त्रालयबाट जनहितमा जारी सन्देशहरू:

वैदेशिक रोजगारमा जाने व्यक्तिहरुले आफू ठगिएको वा अन्याय भएको महसुस गरी उजुरी दिनु परेमा सामान्यतया निम्न बमोजिमका कागजात प्रमाणहरु सान्दर्भिक हुने हुँदा प्रमाणको रुपमा राख्नु पर्दछ ।

- नागरिकता र भिषा लागेको पासपोर्ट
- रोजगारसँग सम्बन्धित सम्झौता पत्र (श्रम सम्झौता)
- श्रम स्विकृती लिँदा रकम बुझाएको भरपाई
- जाँदा र आउँदाको हवाई टिकट वा बोर्डिङ्ग पास
- स्वदेशमा र विदेशमा स्वास्थ्य परीक्षण गरिएको कागज
- रोजगारदाताले काममा लगाएको कागज
- आफूले तलब वा पारिश्रमिक बुझेको भरपाई
- सम्भव भएसम्म आफूले काम गरेको कम्पनीको हाजिरीको अभिलेख (रेकर्ड)
- अन्य सम्बन्धित कागजपत्रहरू।

प्रदेश सरकार

## सामाजिक विकास मन्त्रालय

**कर्णाली प्रदेश, सुर्खेतको अनुरोध !**

जिल्ला प्रशासन कार्यालय, सुर्खेतको हाताभित्र सुरक्षित आप्रवासन सहायता कक्ष सञ्चालनमा रहेको छ । उक्त सहायता कक्षबाट सम्बन्धित सरोकारवाला व्यक्तिहरूले वैदेशिक रोजगारीका लागि आवश्यक पर्ने हरेक चरणहरूको बारेमा जानेर बुझेर मात्र वैदेशिक रोजगारमा जाने गर्नुहुन अनुरोध । *साथै बिचौलियाहरूबाट हुने गरेका ठगीबाट बच्नका लागि यस कार्यक्रमबाट सेवा प्राप्त गर्नुहुन समेत अनुरोध ।*

## वैदेशिक रोजगारमा मुख्यत: देहाय बमोजिमका कसुर हुन सक्छन्:

- विदेश पठाउने आश्वासन दिई पैसा लिएको तर विदेश नपठाएको ।
- अनुमति नलिई वैदेशिक रोजगारको व्यवसाय गरेको ।
- स्वदेशमा गरिएको करार सम्झौता विपरित विदेशमा लगाएको ।
- सरकारले तोकेको भन्दा बढी रकम कादारसँग असुल गरेको ।
- सरकारसँग स्वीकृती नलिई कसैलाई विदेश पठाएको ।
- १८ वर्ष मुनिका नाबालकलाई विदेश पठाएको ।
- सरकारले खुल्ला नगरेको मुलुकमा कामदार पठाएको ।
- सरकारको अनुमति नलिई शाखा कार्यालय खोलेको ।
- कामदार छनौट गर्न विज्ञापन नगरेको तथा छनौट सूची प्रकाशन नगरेको ।
- आफूले तिरेको रकम फिर्ता गर्न तथा क्षतिपूर्ति दिन इन्कार गरेको ।
- मेनपावर कम्पनीले व्यक्तिगत रुपमा कामदार पठाएको ।

माथि उल्लेखित अवस्था भएमा वैदेशिक रोजगार विभागमा आफै वा आफन्तमार्फत् वैदेशिक रोजगार विभागको टोल फ्रि नम्बर **१६६००१०९९९९** मा उजुर गर्नु सकिने ।

# यदि तपाईं रोजगारीका लागि भारत जाँदै हुनुहुन्छ भने निम्न कुरामा ध्यान दिनुहोस् ।

१. सकेसम्म स्वदेशकै श्रोत, साधन र प्रविधिको उपयोग गरी रोजगारीका अवसरहरू नेपालमै सिर्जना हुने वातावरण बनाऔं । यदि यसो गर्न सकिदैन भने मात्र सुरक्षित व्यवस्थित र मर्यादित वैदेशिक रोजगारीमा जाउँ ।

२. आफू बसेको स्थानीय तहमा आफू जान लागेको ठाउँ, कामको प्रकृति, बसाइँ अवधि र व्यक्तिगत विवरणहरू दिएर मात्र जानुहोस् ।

३. यदि तपाईंलाई अपरिचित वा परिचित व्यक्तिहरूले कुनै कामको बारेमा थाहा नै नदिइ सीमा नाका कटाउँदैछन् भने त्यसको जानकारी सीमा प्रहरीलाई नडराइकन खुलस्थ भन्नुहोस् ।

४. भारतमा जाँदा उक्त देशको विभिन्न क्षेत्रका कामहरूको बारेमा सीप सिकेर जाने ठाउँ, काम र कम्पनीबारे बुझेर मात्र जानुहोस् । सस्तो श्रम बेच्न बाध्य हुनबाट बच्नुहोस् ।

५. आफूले कमाएको आम्दानीलाई सुरक्षित साथ नेपालमा भित्र्याउनका लागि बैंकिङ्ग प्रणालीमार्फत् मात्र कारोवार गर्नुहोस् ।

६. कामको अवधिका यदि केही समस्या देखिएमा र आफूलाई समस्या परेमा नेपालीहरू संगठित भएका संस्थाहरूमा आफ्नो कुरा राख्नुहोस् । साथै भारतमा अवस्थति नेपाली दुतावासमा जानकारी गराउनुहोस् (भारतस्थित नेपाली दुतावासको नं. ९१११२३४७६२००) ।

७. यौनजन्य रोगहरूबाट बच्नका लागि असुरक्षित यौन सम्पर्कबाट टाढै रहनुहोस् ।

८. अपरिचितले दिएको खानेकुरा नखानुहोस् । कसैले ठग्नका लागि विभिन्न किसिमका गन्धहरू सुघाएर ठगी गर्नसक्छ त्यसबाट बच्नका लागि सचेत रहनुहोस् ।

९. भौतिक पूर्वाधार निर्माण तथा अन्य जोखिमपूर्ण काम गर्दै हुनुहुन्छ भने त्यसबाट उत्पन्न हुन सक्ने खतरा तथा दुर्घटनाबाट बच्नुहोस् ।

१०. यात्राको क्रममा केही व्यक्तिहरू विभिन्न बाहानामा नजिकिन सक्छन् उनीहरूलाई चाँडै विश्वास नगर्नुहोस् ।

११. पूर्वाधार निर्माणमा रहेका नेपाली श्रमिकहरूलाई ठेकदारहरूले पाउनुपर्ने पारिश्रमिक नदिएर ठग्ने गरेका छन् । यस्ता ठगीबाट बच्न सचेत रहनुहोस् ।

१२. भारतमा जाने स्थान, पेशा, पाउने पारिश्रमिक, बीमा सेवा, सुरक्षा आदि बुझेर जानुहोस् ।

श्रम सम्बन्ध, रोजगारी र सामाजिक सुरक्षा, वैदेशिक रोजगारीका क्षेत्रमा अलपत्र परेका तथा स्वास्थ्य समस्याका कारण घर फर्किन चाहनेहरूले श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयको कल सेन्टर **११४१** वा **१६६००१५००५** मा फोन गर्न सकिनेछ भने विदेशमा रहेकाहरूले **+९७७१५९७००८** मा पनि फोन गर्न सकिनेछ ।


**सामाजिक विकास मन्त्रालय**
**कर्णाली प्रदेश**
वीरेन्द्रनगर, सुर्खेत